
# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti



छैठौं संघनायक दिवंगत भिक्षु अश्वघोष महास्थविर



धर्मकीर्ति विहारका सह-संस्थापिका
दिवंगत दो गुणवती गुरूमां (वर्मी)

वर्षः ३९, अङ्कः १

बु.सं. २५६४, ल्हुति पुन्हि



# संघनायक भिक्षु अश्वघोष

– माधवी गुरुमां



मैत्री करुणां बिलिबिलि जा:म्ह । म्हं फुबले, बल्ला:बले बहुजन हिताय बहुजन सुखायया लक्ष कया: गांगामे नगरं नगरे बिज्याना: धर्म प्रचार यानाच्वना बिज्या:म्ह वसपोल भन्ते भिक्षु अश्वघोष ।

तं चा:सां मन सफाम्ह, सरलरुपं थुइके अ:पुक, न्ह्याइपुक उपमा व उपयेय्य तया: चिचीधंगु सफूत च्वया: दान व:गु ध्यबां उगु सफूत प्रकाशन याना बिज्याईम्ह भन्ते ।

वसपोल भन्तेया जीवनय् जूगू छगू घटना थन उल्लेख याय्मास्तिव: । थुगु घटना वसपोलं जिमित कनाबिज्या:गु कारणं जिमिसं सिल ।

– भन्तेया किताब प्रकाशन याय्त प्रेसय् बी धुंकूगु जुयाच्वन । तर ध्यबा पूरा पुलेत लगभग रु. १०,०००/– (दशहजार वा भिङ्द्व:तका) मगानाच्वन खनी । उकें भन्तेया मनय् भचा चिन्ता जुयाच्वन । छुं दिन लिपा वसपोल श्रीघ: विहारे च्वनाबिज्या:बले सुथ न्हापां ख्यूं ख्यूं धा:निबले तुयूगु वस: पुनात:म्ह मनूछम्ह क्वथाय् दुहावया: खामय् रु. १०,०००/– तया: दान या:वल । भन्तेनं व मनूयात धयाबिज्यात– "जिं छित: म्हमसिल ।" थुलि धाय्वं व मनुखं धाल– "दान याय्त म्हसीके म्वा: ।" थुलि धया: व मनू याकन हे दनावन । अले भन्तेया अजू चाया: काचाकाचां पिने वना: स्वया बिज्यात । तर व मनू तुरुन्त हे बेपत्ता जुल । उगु इलय् विहारया लुखा हे मचायकूनिगु जुयाच्वन । थुगु घटनां भन्ते तसकं अजूचाल । छु जुगु थ्व ? न्ह्यागु हे थजु प्रेसय् ध्यबा पुलेत ला गात । वसपोलया मनय् लय्तालं भय्बित । थुकथं भन्तेया जीवने जूगु थ्व घटनां भ्मीत नं छभ्मा: अजु चाय्का ब्यूगु दु ।

वसपोल भन्ते करुणावान्म्ह ख: बनेपाय् ध्यानकुटी अनाथ व गरिबपिं मचातयत नकेत्वंके याना: एस.एल.सी. तक आख: ब्वंका: इमिगु जीवन उत्थान ज्वीगु समाज सेवा ज्या नं यानाबिज्यात । परोपकार ज्याय् मन क्वसा:म्ह वसपोल भन्ते थौं मदयावन । तर शरीर मदुसां वसपोलया भिंगु कीर्ति ला ल्यनाच्वन । युवाजगतं अपो येकूम्ह वसपोल भन्ते न्ह्याथाय् जन्म जूसां छुं हे दु:ख कष्ट मदया: याकन हे निर्वाण लाभ ज्वीमा ।

सब्बे सत्ता सुखिना भवन्तु ।

## धर्मकीर्ति पत्रिकालाई चन्दा सहयोग

१) यशोधरा वज्राचार्य, किम्डोल, स्वयम्भू - रु. १०००/–
२) मोतीलाल शिल्पकार, लोकेश्वर टोल, जावलाखेल - रु. ५००/–
३) विमला मानन्धर, चिकंमुगल - रु. ५००/-
४) सुमी शाक्य - रु. ३००/-

"धर्मकीर्ति पत्रिकाले दाता परिवारको आयु आरोग्य कामना गर्दै साधुवाद व्यक्त गरेको छ ।

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ५३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

बुद्ध सम्बत् २५६४
नेपाल सम्बत् ११४१
इस्वी सम्बत् २०२१
बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**27th APRIL 2021**

| वर्ष- ३९ | अङ्क- १ | ल्हुतिपुन्हि | बैशाख २०७८ |
|---|---|---|---|




**मधु'व मञ्ञती बालो – याव पापं न पच्चति ।**
**यदा च पच्चति पापं – अथ बालो दुक्खं निगच्छति ॥**

**पापयागु फल मवोतले मूर्ख थ:म्हं यानागु पापयात कस्ति समान भालपा: च्वनी, तर गुखुन्हु पापयागु फल भोग याय् माली उखुन्हु उम्ह मूर्ख दु:खी ज्वी ।**

**पापको फल भोग्न नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई मह जस्तो ठान्दछ, तर पापको फल भोग्नु पर्दा उ दु:खित हुन्छ ।**

As long as the evil deed done does not bear fruit, the fool thiks it is like honey; but when it ripens, then the fool suffers grief.

*- जेतवन (६९) उत्पलवर्णा (थेरी)*

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - भगवान् बुद्धका शिष्यहरू | – | ३ |
| ३) | छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको व्यक्तित्त्व | – कुसुम गुरुमां | ४ |
| ४) | गुरुवर अश्वघोष भन्तेया बुदिं हनेगु मन्त आ ... | – लोचनतारा तुलाधर | ६ |
| ५) | दो गुणवती (मां गुणवती) गुरुमां लुमन्ति | – माधवी गुरुमां | ८ |
| ६) | सासनधज धम्माचरिय मां गुण गुरुमां थु कथं लुमंके | – लोचनतारा तुलाधर | ९ |
| ७) | मेरा गुरुसँगको अन्तिम क्षण | – डा. रीना तुलाधर | ११ |
| ८) | मेरी गुरुआमा मां गुण गुरुमांसँगको अन्तिम भेट | – डा. रीना तुलाधर | १३ |
| ९) | अश्वघोष भन्ते, आध्यात्मिक चिन्तन व व्यावहारिक ज्ञान | – सह प्राध्यापक मदनरत्न मानन्धर | १५ |
| १०) | मां गुण गुरुमां, धर्मकीर्ति विहार व नेपाःया बुद्धसासन | – सह प्राध्यापक मदनरत्न मानन्धर | १६ |
| ११) | गुणवान् दो गुणवती गुरुमां | – विमलत्राणी | १७ |
| १२) | श्रद्धेय भिक्षु अश्वघोष भन्ते मेरो नजरमा | – क्षान्तिवती | १९ |
| १३) | भिक्षु अश्वघोष एवं दो गुणवती गुरुमांको गुणानुस्मरण | – डा. अनोजा गुरुमां | २० |
| १४) | लुमनावल दो (मां) गुणवती गुरुमां | – तारा केशरी ढुंगाना | २१ |
| १५) | अनन्त गुणमयी मां (दो) गुणवती गुरुमां | – कुसुम गुरुमां | २२ |
| १६) | भिक्षु अश्वघोषको संक्षिप्त जीवनी एवं धर्मप्रचार यात्रा | – वीर्यवती गुरुमां | २३ |


# अनन्त ज्योति–२

**( श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन जीवन, मेहनत र सद्भावनाका विषयमा )**

*अनुवादक*- **देवकाजी शाक्य**

( ८ )

- प्रथम श्रेणीका प्रबन्धक आफ्ना कर्मचारीको हेरविचार गरी उनीहरूका शीपको सम्मान गर्दछ ।
- द्वितीय श्रेणीका प्रबन्धक आफ्ना कार्यहरू सञ्चालन गर्न कामदारहरू माथि विश्वास गर्छ ।
- तृतीय श्रेणीका प्रबन्धक अभिमानी र नोकरशाही हुन्छ ।
- चतुर्थ श्रेणीका प्रबन्धक अभिमानी र नोकर शाही हुन्छ ।
- चतुर्थ श्रेणीका प्रबन्धक ईर्ष्यालु, शंकालु र विवेक शून्य हुन्छ ।

( ९ )

- प्रथम श्रेणीका कामदार आफ्नो कार्य र आफ्ना सहकर्मीको आदर गर्छ र आफ्ना कार्यमा निष्ठावान् र लगनशील हुन्छ ।
- द्वितीय श्रेणीका कामदार उत्तरदायी भई कडा परिश्रम गर्छ र आफ्ना बानी व्यवहारमा नैतिकवान् हुन्छ ।
- तृतीय श्रेणीका कामदार अल्छी र समय खेर फाल्ने हुन्छ ।
- चतुर्थ श्रेणीका कामदार आफ्नो फाइदाका लागि अरूको हानी नोक्सानी हुने गरी झगडा उक्साउँछ ।

( १० )

- प्रथम श्रेणीका सहकर्मीहरू एक अर्काका क्षमताहरू सम्मान गरी प्रशंसा गर्छन् ।
- द्वितीय श्रेणीका सहकर्मीहरू मिलेर एक अर्कालाई विश्वास र सहयोग गरी काम गर्छन् ।
- तृतीय श्रेणीका सहकर्मीहरू स्वकेन्द्रित एकलकाटेभई अरूका राय सुझावलाई अनादर गर्छन् ।
- चतुर्थ श्रेणीका सहकर्मीहरू अरूलाई दुःख दिने स्वभावका भई उनीहरूका उपलब्धिलाई अवमूल्यन गर्छन् ।

## ▪ सम्पादकीय ▪

# भगवान् बुद्धका दुई शिष्यहरू

**परिजिण्ण मिदं रूपं – रोग निड्ढं पभङ्गुरं**
**भिज्जति पूतिसन्देहो – मरणन्तं हि जीवितं**

जीर्ण भएर जाने यो शरीर, रोगको घर हो यो शरीर, कुहिएर भग्न भएर जाने यो शरीर, बाँचिरहने सबै एकदिन अन्त्य भएर जानु पर्नेछ ।

*- धम्मपद, गाथा नं. १४८*

प्राकृतिक नियममा बाँधिएका हामी सबैले प्रकृतिको अनित्य, दुःख र अनात्म रुपी त्रिलक्षण स्वभावलाई मनन नगरी सुखै छैन । प्रकृतीले कसैलाई भेदभाव गर्दैन । स्वयं भगवान् बुद्धले पनि यस नियमलाई पालन गरेर जानु भएको छ । राजा देखि भिकारी सम्मका मानिसले पालन गर्न बाध्य यस नियमलाई हाम्रा गुरुहरू भिक्षु अश्वघोष र दो गुणवती गुरुमांले पनि अनुगमन गरी जानुभयो । उहाँहरूले हामीलाई यसरी सतर्क गराई जानुभएको छ– “जसरी हामीले संसारको अनित्य स्वभावलाई पालन गरेर गयौं, त्यसरी नै तिमीहरू पनि क्षण क्षणमा अनित्यको धारमा बगिरहेका छौ । एकदिन यसरी नै तिमीहरूको पार्थिव शरीरलाई चितामा लेटाउने छ ।”

यो एक ध्रुव सत्य नै हो । जीर्ण हुँदै गइरहेको हाम्रो यो शरीर एकदिन चतुर्महाभूतमा विलिन हुनेछ । मानिस जन्मिएपछि मृत्यु अवश्यम्भावी छ । बाँच्न पाउनु अनित्य हो भने एकदिन मरेर जानुपर्ने नित्य हो । त्यसैले भनिएको छ – **अधुवं मे जीवितं, धुवं मे मरणं**

तर शरीर अनित्य भएपनि बाँचिरहेको अवस्थामा आफूले गरेर गएका असल कार्यहरूको असर भने अमर हुने रहेछ । त्यसैले भनिन्छ “रुपं जीरति मच्चानं नाम गोत्तं नजीरति” ।

नेपालका छैठौं संघनायक, अग्ग महासद्धम्म जोतिक धज भिक्षु अश्वघोष महास्थविरले आफ्नो जीवनकाल (वि.सं. १९८३ जेष्ठ शुक्ल १५ देखि वि.सं. २०७५ चैत्र २२ शुक्रवार) अवधि भित्र बुद्ध शासन चिरस्थाइको लागि जति पनि योगदान पुऱ्याउनु भएको छ, ती कार्यहरू अमर भएर रहेका छन् । उहाँले लेख्नु भएका सयौं ज्ञानवर्द्धक पुस्तकहरू, उहाँले स्थापना गर्नुभएका विहार, उहाँले गर्नुभएको समाजसेवा, उहाँले दिनुभएका शिक्षाहरू हाम्रो लागि पथ प्रदर्शक भइरहेका छन् ।

उहाँले दिनुभएका अमूल्य ज्ञानहरू मध्ये “पण्डित होइन, असल मानिस बन्नु” ले हामीलाई क्षण क्षणमा सजग बनाउन सहयोग पुऱ्याइरहेको देखिन्छ । किनभने हाम्रो चित्त ओरालो झर्न सिपालु छ । जान्ने सुन्ने बनी अध्ययन गरेर मात्र मानिस माथि पुगिने रहेनछ । प्रमुख कुरा त राम्रो बानी व्यवहार पनि रहेछ, सफल जीवनको लागि । जब हामीले यस्ता अमूल्य शिक्षालाई आफ्नो व्यवहारमा प्रयोग गर्न सक्नेछौं तब मात्र हामी भगवान् बुद्धको शिष्य बन्न सक्नेछौं ।

यसरी नै शासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित दो गुणवती गुरुमांले त माथिको शिक्षालाई जीवनमा प्रयोग गरी साँचो रूपमा असल मानिस बन्न सफल हुनुभएको देखिन्छ । माया र ममताकी मूर्ति दो गुणवती गुरुमांले आफ्नो राम्रो बानी व्यवहारले बच्चा देखि बुढाबुढीसम्मका धेरैजसोलाई प्रभाव पार्न सफल हुनुभएको देखिन्छ ।

नेपालका लागि म्यानमारबाट धर्म प्रचारक भई धम्मवती गुरुमांको सहयोगी बनी आउनुभएकी दो गुणवती गुरुमां ३५ वर्ष सम्म नेपालमा रहनुभई बुद्ध शासन चिरस्थायी गर्न अमूल्य योगदान पुऱ्याउनु भयो ।

बहुश्रुत र शील्प विद्याकी धनी दो गुणगती गुरुमांले हामी नेपालीहरूलाई धर्म देशनाको माध्यमबाट भन्दा पनि धर्मानुकूलको राम्रो बानी व्यवहार प्रयोग गर्नुहुँदै शिक्षा सिकाउनु भएको देखिन्छ । अरूको दोष भन्दा अलिकति भएपनि गुण पत्ता लगाउने बानी भएकी गुणवती गुरुमां सबैसँग मित्रता गाँसी मेलमिलाप पूर्वक रहन शिपालु हुनुहुन्छ । शान्त स्वभावकी उहाँ गुरुमां समूहमा रहनुहुँदा बुद्ध शिक्षा “समग्गानं तपो सुखो” लाई जोड दिनुहुँदै भन्ने गर्नुहुन्थ्यो– “एक आपसमा कलह होइन मिलिजुली बस्न सक्नु नै स्वर्ग स्वरूपको सुख हो ।”

यसरी भगवान् बुद्धले सिकाउनु भएको आध्यात्मिक सुख प्राप्त गर्ने मार्गमा लागि पर्नु भएकी गुणवती गुरुमांको आदर्शलाई हामीले पनि अनुशरण गर्न सकौं । भगवान् बुद्धका शिष्य श्रद्धेय अश्वघोष भन्ते र श्रद्धेय दो गुणवती गुरुमांको अनन्त गुणहरूलाई स्मरण गर्दै हामीले उहाँहरू दुबैको निर्वाण कामना गर्दै उहाँहरूको दुई वर्षको पुण्य तिथिमा पुण्यानुमोदन गरौं ।



# छैठौं संघनायक भिक्षु अश्वघोष महास्थविरको व्यक्तित्त्व

– कुसुम गुरुमां



भगवान् बुद्ध जन्मभूमि नेपालमा थेरवाद बुद्धशासन दुर्लभ जस्तै भइरहेको अवस्थामा सन् १९४४ मा श्रामणेर अश्वघोषको नामले बुद्ध शासनमा एकजना प्रव्रजित हुनुभयो । उहाँ नेपालका भिक्षु महासंघका छैठौं पूज्यपाद संघनायक भिक्षु अश्वघोष हुन् । तर अहिले हाम्रो सामु हुनुहुन्न । "ध्रुवं मे मरणं अध्रुवं मे जीवितं, जन्मेपछि मरण हुनु ध्रुव सत्य हो, सधैं जीवित हुन पाउनु असत्य हो ।" भन्ने तथागत बुद्धको वचन हो । तथागतको सत्य वचनलाई हामीले स्वीकार्नै पर्छ ।

श्रीघः चैत्य परिक्रमा गरिरहने समयमा तथा उहाँका लेखहरू पढिरहने समयमा उहाँ कतै विहारमा हुनुहुन्छ कि जस्तो भइरहनेलाई मेटाउन सकेको छैन । अश्वघोष भन्ते प्रव्रजित भएर पनि विभिन्न क्षेत्रहरू जस्तो कि - धार्मिक क्षेत्र, धर्मकथिक, भाषा साहित्य क्षेत्र, राजनैतिक प्रशासनिक क्षेत्र, शिक्षण क्षेत्र, समाजसेवा, लेखन पद्धति आदिमा प्रभावशाली व्यक्तित्व अद्वितीय गुणहरूले पूर्णहुनु भएका उहाँ एकजना मात्र भिक्षु हुनुहुन्छ भन्दा कुनैं अत्युक्ति नहोला ।

प्रव्रजित भएर बुद्धशासनको अध्ययनपछि "चरथ भिक्खवे चारिकं बहुजन हिताय वहुजन सुखाय लोकानुकम्पाय" अर्थात् भिक्षुहरू ! वहुजन हित, वहुजन सुख र लोकको अनुकम्पाका लागि चारिका गर भन्ने तथागतको वचन अनुसार अश्वघोष भन्तेले काठमाडौंमा संघाराम भिक्षु तालिम केन्द्र, बनेपामा ध्यानकुटी विहार स्थापना भएर बौद्ध जागरणको थालनी गर्नुभयो । नवयुवकहरूलाई प्रव्रजित गरी विभिन्न बौद्ध देशहरूमा बुद्धधर्म अध्ययनका लागि पठाएर योग्य र सक्षम बनाउन सफल हुनुभयो । उहाँका शिष्यहरू वर्तमान बुद्धशासनमा आ-आफ्नो क्षेत्रमा सक्रिय छन् ।

प्रथमत जनजातिहरू तथा युवायुवतीहरू बुद्ध शिक्षाबाट वञ्चित नहोउन् भन्ने हेतुले बौद्ध अध्ययन गोष्ठीको स्थापना र विभिन्न युवासमूहहरू बनाएर गाउँगाउँमा बुद्धधर्म प्रचारप्रसार गर्न अश्वघोष भन्ते सफल हुनुभयो । त्यतिमात्र नभएर उपत्यका बाहिरका गाउँहरूमा पनि भन्ते स्वयं बुद्धधर्म प्रचारप्रसार गर्न लागि पर्नु भयो । त्यस्तै युवाहरूलाई दुर्लभ प्रव्रज्या गरी कुशल संस्कारको बीजारोपण गराउनु भयो ।

अश्वघोष भन्ते व्यवहारिक हुनुहुन्थ्यो । एकपटक अध्ययन गोष्ठीको कक्षामा उहाँले भन्नु भएको वचन सम्झना आइरहन्छ- "भगवान् बुद्धका ग्रन्थहरू, पुस्तकहरू अध्ययनमात्र गरेर पुग्दैन, व्यवहारिक बन्नसिक्नु पर्छ, व्यवहारमा प्रयोग गर्नुपर्छ ठाउँ हेरेर बुद्धि प्रयोग गर्नुपर्छ अनिमात्र बुद्धका शिक्षा ग्रहण गरेको हुन्छ ।" भन्तेले कसैको गल्ती वा कमीकमजोरीलाई भन्नुपर्दा लुकाएर घुमाएर भन्नु हुन्नथ्यो चाहे त्यो जो कोही व्यक्ति नै

किन नहोस् । प्रस्ष्टसंग प्रत्यक्षरूपले नै औंल्याईदिने उहाँको प्राकृतिक स्वभाव थियो । सैद्धान्तिकमा मात्र सीमित नरही बुद्धको शिक्षालाई व्यवहारिकमा प्रयोग गरेर वर्तमान समयमा नै असल नागरिक बन्न सक्नुपर्छ भन्ने भन्तेको मनसाय, कामना थियो । अनागारिका गुरुमांहरूलाई पनि बुद्धधर्म अध्ययन गर्न र त्यागी जीवन सफल पार्न प्रोत्साहन दिइरहनु हुन्थ्यो । विहारमा भेट हुँदा भन्तेले लेख्नु भएका किताबहरू, पत्रिकाहरू पढ्नु भनेर दिनुहुन्थ्यो ।

अश्वघोष भन्ते सधैं जाँगरिलो र फूर्तिलो देखिनु हुन्थ्यो । अलसी थकान भन्ने उहाँमा छैन जस्तो लाग्छ । म पनि कहिले काहीं शब्दको अर्थ नबुझेको सोध्न जाने गर्थें । भन्तेले कहिल्यै पनि गाऱ्हो नमानीकन सिकाउनु हुन्थ्यो र किताबहरू पढ्न, पत्रिकाहरू पढ्न, लेख लेख्न प्रोत्साहन दिनु हुन्थ्यो । विहारमा रहनु हुँदा स्वयं भन्ते आफैं पनि बौद्ध ग्रन्थहरू, किताबहरू, पत्रिकाहरू अगाडि राखेर कापी कलम हातमा लिनु भई लेखनमा र अध्ययनमा नै समय बिताउनु भएको देख्दछु ।

अश्वघोष भन्तेको शिक्षण शैली र धम्मदेशनाले पनि विशेष प्रकारकै महत्व बोकेको छ । उहाँ सफल धर्मकथिक हुनुहुन्थ्यो । उहाँका धम्मदेशना र शिक्षण शैलीमा प्रयोग हुने शब्दहरू सरल, आकर्षक र रमाइलो वातावरणमा समसामयिक घटनाहरू समेटेर, उदाहरणहरू दिनुहुँदै, मनछुने गरी धम्मदेशना वा कक्षा सञ्चालन गर्न सक्नु उहाँको विशेषता भएको हुनाले होला जेष्ठ नागरिक, उपासक उपासिकाहरू, राजनैतिक बुद्धिजीविहरू, युवायुवतीहरू धर्मश्रवण गर्न र कक्षामा बस्न उत्सुक हुन्थ्यो । सबैको सामु भन्ते लोकप्रिय हुनुहुन्थ्यो । धर्मकीर्ति विहारमा अध्ययन गोष्ठीको कक्षा लिनु हुँदा म पनि कहिले काहीं बस्ने गर्थे । उहाँले कक्षा सञ्चालन हुने केही समय अगाडि नै आउनु भएर बोर्ड भरी कक्षा लिने विषयका बुँदाहरू लेखिरहनु हुन्थ्यो, यस्तो गर्नुहुने उहाँ भन्ते मात्र देख्दछु ।

त्यस्तै भन्तेको लेखन कला पनि अद्वितीय छ । उहाँले दर्जनौं पुस्तकहरू लेख्नु भएको छ । त्यस्तै पत्रपत्रिकाहरूमा पनि थुप्रै लेखहरू प्रकाशित हुन्थ्यो । जुन पुस्तकहरूबाट हाम्रो वर्तमान जीवनमा सुख, शान्ति र सन्तोष प्राप्त गर्न सकिन्छ भने पछिको जीवनमा पनि कुशल संस्कारको वीजारोपण भई दुःख अन्त गर्न सक्ने विपस्सना ध्यान चारआर्यसत्य समावेश भएको पाइन्छन् । यसरी पुस्तकहरू छपाएर प्रकाशित गरी निःशुल्क धर्मदान दिन भन्ते ज्यादै रुचाउनु हुन्थ्यो । यसका लागि आफूलाई दान दक्षिणाको रूपमा प्राप्त भएको रकमहरू समेत जम्मा गर्दै पुस्तक प्रकाशनमा प्रयोग गर्नुहुन्थ्यो ।

अश्वघोष भन्तेले कलिलै उमेरमा प्रव्रजित हुनुभएर आफ्नो सम्पूर्ण जीवन बुद्धशासनमा समर्पण गर्नुभयो । बुद्धशासन तथा विभिन्न क्षेत्रहरूमा सक्रिय भएर गर्नु भएको अमूल्य योगदानलाई कदर गरेर विदेश तथा स्वदेशका विभिन्न संघ संस्थाहरूबाट विभिन्न सम्मान पदवीबाट उहाँलाई सम्मानित गरेका थिए । सन् २००० मा म्यानमार सरकारबाट “अग्गमहा सद्धम्म जोतिक धज” पदवीद्वारा विभूषित गरिएको थियो । नेपाल सरकारबाट “प्रबल गोर्खा दक्षिण बाहु तृतीय श्रेणी” नेपाल भाषा परिषद्‌बाट “भाषा थुवा” त्यस्तै अरू विभिन्न संघ संस्थाहरूबाट पनि सम्मान गरिएको थियो ।

उपसंघनायक भइरहनु भएका पूज्य अश्वघोष भन्ते वि.सं. २०६८ सालमा नेपालका छैठौं पूज्यवाद संघनायकको पदमा नियुक्ति हुनुभएको थियो ।

यसरी नेपालका पूज्यपाद संघनायक भन्ते उमेर ढल्के तापनि एकजना जवान युवक सरह सक्रिय भएर बुद्ध शासनिक तथा अन्य विभिन्न क्षेत्रहरूमा निर्देशन र अमूल्य योगदानहरू दिंदै रहनु भएको थियो । तर अनित्य संसार, तथागतको वचन अनुसार संधै एकनाश हुँदैन अस्वस्थ भएको कारण उपचारको क्रममा ९३ वर्षको उमेरमा २०७५ वि.सं ग्राण्डी हस्पिटलमा उहाँ संघनायक अश्वघोष भन्ते दिवंगत हुनुभयो । उहाँलाई गुमाउनु परेकोले नेपालको बुद्धशासनिक क्षेत्रमा अपूरणीय क्षति भएको छ । बुद्धशासनिक तथा अरू विभिन्न क्षेत्रहरूमा गर्नुभएको उहाँको अमूल्य योगदानहरू संधै चम्किला तारा झैं रहीरहने छन् । उहाँका रूपकाय नश्वर भए तापनि उहाँका अविस्मरणिय देनहरू जीवित नै छन् र पछिसम्म पनि जीवित नै रहिरहने छन् ।





# गुरुवर अश्वघोष भन्तेया बुदिं हनेगु मन्त आ...



– **लोचनतारा तुलाधर**

२०७६ सालंनिसें पूज्य गुरूवर अश्वघोष भन्तेया बुद्धिं। हने मखना वन ... । लुमं लुमं नुगः थुं दी । न्ह्यावलें गोष्ठीया कार्य तालिका कथं जेठ महिना अश्वघोष भन्तेया बुद्धिं त्यइन थुगुसी छु यायेगु धकाः सहलह यायेगु। थगुने उकथंया सहलह याये मलाकं २०७५ या चैत्र २२ गते हे वसपोल देह त्याग याना बिज्यात। आः भन्तेया बुदिं गुकथं हने धकाः धाय्गु मन्त ।

समयया गति निरन्तर न्ह्याना च्वन ... ...

न्ह्यानाच्वंगु धाःसा चाःगु मखु। थौं समय गनं थ्यन धकाः छक्भाः भसंग वन। गुरूवर अश्वघोष भन्ते नं लेख च्वयेगु तालिम बिया बिज्याःगुलिं वि.सं. २०३१ या धर्मकीर्तिइ 'सिद्धार्थ गौतम' नांगु जिगु लेख न्हापां पिदंगु खः। थौं वयाः थ्व हे 'धर्मकीर्तिइ' वस्पोल गुरुवरया "स्मृति अङ्क" या लागी च्वया च्वना । लेख च्वयेगु सिललियाय् वसपोलं गबलें प्रशंसा नं याना बिज्याइ, न्वाना नं बिज्याइ। न्वाना बिज्याइगुया मुख्य कारण बुद्ध शिक्षायात परम्परागत कथं मखु व्यवहारिक कथं च्वयेमाः धयागु खँय् खः। "अपुक सकल मनुतसें थुइगु कथं च्वयेमाः थःगु विद्वता ब्वयेत मखु" वस्पोलया धापू थ्व हे खः। वस्पोलया बुद्ध शिक्षा प्रचार यायेगु थःगु हे पहः दु, प्रवचनय् नं थःगु हे पहः दु गुकी भन्ते नं थःगु जःख या वातावरणया उदाहरण बियाः थुइकेगु कुतः याना बिज्याइ।

अश्वघोष भन्तेया शिष्यपिं अर्थात् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सदस्यपिं मुनाः वि.सं. २०६४ सालं निसें भन्तेया बुदिं हनेगु याना वया च्वनागु खः। भन्तेया रचनात्मक ज्याभ्वः हे लेख च्वकेगुं, लेख ब्वंकेगु ज्या हे यःगुलिं बुदिं लसताय् अन्तर स्कूल लेखन प्रतियोगिता न्ह्याकेगु याना। अनं लिपा विद्यार्थीपिनिगु रूचि कथं बाल बौद्ध चित्रकला, प्रतियोगिता, बौद्ध वक्तृत्व प्रतियोगिता थें जाःगु सिर्जनशील प्रतियोगिता यानाःलिं मचातय्त अश्वघोष भन्तेया ल्हाःतं दसिपौ, सिरपा, बीकेगु याना च्वनागु खः। थ्व ज्याभ्वः वि.सं. २०६४ निसें वि.सं. २०७१ तक निरन्तर रूपं न्ह्यात। निर्धारित इलय् ज्याभ्वलय् थ्यंकेगु भन्तेया विशेषता खः। उकिं भन्तेया बुदिं उपलक्ष्यया सिरपाः वीगु ज्याभ्वलय् भन्ते ठीक १.०० बजे धर्मकीर्ति थ्येंकः बिज्याइ। थ्व अवस्थाय् इलय् ब्यलय् जिपिं आयोजक पिन्त आछु आछु कनीगु खः। इलय् ज्याभ्वः शुरू याये मफइगु जिमिगु कमजोरी जूवनीगु। वि.सं. २०७२ य् भन्तेया चय्गुदंया (८९) गुं बुदिं खः। थबलय् तःभुखाया कारणं मेगु छुं ज्याभ्वः यायेगु अनुकूल मजुसेंलि भन्ते च्वना बिज्याःगु संघाराम विहारय् वना जलपान, भोजन दान यानाः बुदिं हना। नापं अन हे निम्ह प्यम्ह मचातय्त थः पिनिगु लेख, कविता, न्यंके बियाः भन्ते




पाखें उपहार लः ल्हाना बिज्याःगु खः । वयां लिपा वि.सं. २०७३ स भन्ते ग्वीदँ (९०) क्यनीगु जुसेंलि भन्तेयात धर्मकीर्ति विहारय् निमन्त्रणा यायेगु उमेर कारणअनुकूल मजुल । बरू भ्की हे भन्ते च्वना बिज्याःथाय् वनेनु धयागु सहलह ब्याकाः गोष्ठीया सदस्यपिं मुनाः ध्यानकुटी विहार वनेपाय् वनाः भन्तेयात जलपान भोजन व दानप्रदान कार्यक्रम याना । अन नं मचायत् लेख कविता, ब्वंकेगु याना । थुकथं विसं. २०७४ य् ग्वीछदँ (९१) बुदिं, वि.सं. २०७५ य् ग्वी निदँ (९२) बुदिं ध्यानकुटिइ हे न्यायकेगु यानागु खः । थ्व साल हे भन्तेया बुदिं हनागु अन्तिम जुल । ध्यानकुटी विहारय् थुकथं गोष्ठीया सदस्यपिं मुनाः वने बलय् भन्ते लय्ताया बिज्याइगु उलि थुलि हे मदु । भन्तेया उगु मैत्री युक्तगु न्हिलासू मिखाय् भ्कल भ्कल लुया वयाच्वं । गोष्ठी न्हयाकेगु मेमेगु ज्याभ्वलय् स्वयाः भन्तेया बुदिं हना ज्याभ्वलय् आपालं सदस्यपिं सहभागी जुइगुलिं क्यना च्वंगु दु कि सकल शिष्यपिं भन्ते प्रति गुलि कृतज्ञ जू । बुद्ध शिक्षायात घर गृहस्थी, परिवार, समाजय् गुकथं छय्ला वनेगु धयागु अनुपमं शिक्षा स्यना बिज्याःगु दु । गुकियात नाला कयाः आपालं शिष्यपिं थःगु गृहस्थी जीवनय् सफल जुयाच्वंगु दु । भन्तेया शिक्षां व्यक्ति एकोहोरो धार्मिक मखु कि व्यवहारिक कुशल, शिक्षित, नागरिक जुइगु स्यना बिज्याइ । हानं थःम्हं हे इलय् व्यलय् लय्लय् ताया धया बिज्याना च्वनी - “विहारय् वया थें छिपिं थः थःगु छैंय् तालय् लाः धकाः न्यने बलय् जिगु मनं हे याउँसे च्वं ।”

भन्तेया बुदिं हनेगु भ्वलय् ध्यानकुटी विहारय् छगू घटना न्हयाबलें हे जिगु मनय् भ्कल भ्कल लुमना वया च्वनीगु । ध्यानकुटी ग्वीछदँ (९१) बुदिं हनागु इलय् वि.सं. २०७४ या खँ खः । थबलय् नं ध्यानकुटीया न्हयःने चउरय् जायक मनूत दु । जलपान धुकाः भोजनं न्हयव ज्याभ्वः न्हयाकागु ।

न्हयाबलें भन्तेया तलय् कोथाय् हे भोजन भपा बिज्याइ । अलय् भोजन क्वचाःपिं मनूत तलय् थहां वनाः भन्तेयात व्यक्तिगत रूपं दान प्रदान यानाः नाप लाना वई । जिपिं आयोजकतय् कुने भुतुलिइ सुचुकुचु ज्या यानाच्वना । उथाय् तलं कुहां वःपिसं “लोचन तारा छंत, भन्ते नं छकः थहां वा धाल” धकाः धाल । हानं मेम्ह कुहां वल अथे हे धाल । निम्ह स्वम्ह सिनं धासेंलि जि थहां वना । मनय् ग्याः चिकु दु । भन्ते नं छु धया बिज्याइन थें छु चित्त बुभ्कय् मजुल थें । ...तलय् थ्यन जिं न्यना भन्ते नं सःता बिज्याना ला ?”

“ख । ” धया बिज्यात । अनं हानं धया बिज्यात “उलि मछि मनूत सःताः छु यानागु ?” थ्व खं जि भचा अकमकय् जुल ।

“उलिमछि मनूतय्तः भोजन याकल खर्च गाःला छिमि ?”

“गाः भन्ते भन्ते प्रति श्रद्धां हे थुलि मछि सहभागी जूगु खः ।”

“धेवा मगाः सा थ्व ना ।” धकाः भन्ते नं थःगु न्हयःने दुगु दां प्वः क्यनाः धया बिज्यात । व धेवा फुक्क नकतिनि थहां थहां वःपिसं दान बिइा थकूगु छपाः स्यालस्याल भ्कोलाय् अथेहे तिनि । दांया भ्कोला व भन्तेया खँ न्यनाम्ह जि आतां । उथाय् पासापिं छम्ह निम्ह नं कोथाय् थ्यन । “ मखु भन्ते वःपि सकसिनं ल्हापं तयाः वःगु खः उकिं धेवा मगाः मजू गाः सकतां ठीक जू भन्ते ।” जिं धया

**“बिद्वान् जुइगु स्वयेमते, ज्ञानी जुइगु स्व” - संघनायक भिक्षु अश्वघोष महास्थविर**

"मखुसा थ्व भचा धेवा यंकी धयागु का । उलि मछि दु .... ।"

"मखु भन्ते सकतां ठीक जुल ।"

थःत दान वःगु धेवां सफू छापय् याना इना बिज्याःगु स्यू । थबलय् जुल भोजनयात नापं दानया धेवा बोगु विचार का ।

धन्य भन्तेया उदारता, भन्तेया शिष्यपिंप्रति करूणा गजाःगु स्वच्छगु त्यागी जीवन ! थ्वयां न्हापा भन्ते बल्लानि बलय् छकः नं जितः फोन याना बिज्यागु दु बुदिंया सन्दर्भय् हे "हेलो ! लोचनतारा खःला जि अश्वघोष का बनेपां ।"

"वन्दना भन्ते ।" जिं धया

"छु छिमिसं जिगु जन्मदिं मानय् यायेगु धया च्वन हँ खःला ? छु धया बिज्याइन धैथें

"खः भन्ते । "जि ग्याग्यां धया

"जितः अथे तडक भडक याइगु मयः माः सां म्वाःसां अप्वः अप्वः खर्च याना...।"


"अथे मखु भन्ते । छुं मेगु यायेगु मखु स्कूलयापिं मचात दथुइ बौद्ध चित्रकला प्रतियोगिता यायेगु अलय् भन्तेया ल्हाःतं मस्तयत प्राइज बीकेगु जक खः ।"

"येय् अथे खःला .... अँ जितः मेमेकथं तडक भडक याइगु मयः उकिं का ...का सा दिका बी ।" भन्ते नं फोनय् तःहाक खँ ल्हाना बिज्याइ मखु । थ्व खँ हे अनुमति भाःपाः ज्या न्हयाका छ्वया । गोष्ठीया सचिवया नातां थुकथं जितः धाये माःगु खँ धकाः वस्पोलं धया बिज्याना च्वनी ।

भन्तेया थःत सम्मान यानाः सभा समारोह यानाः तडक भडक याइगु मयः । भन्तेया भाषं धायेगु खःसा जात्रा याइगु मयः । वस्पोलया धापू कथं त्यागी जीवनयात थजाःगु मल्वः । मदय् न्हयः भन्ते थःम्हंस्यां जि सीसा छुं नं जात्रा याये म्वाः धका थी थी पत्रिकाय् छापय् याना बिज्याःगु खः । तर अचम्म वस्पोलया हे शव यात्रा नेपाःया थेरवाद बुद्ध शासनय् मजूकथं अभूतपूर्व जुल । देया प्रधानमन्त्रीं समेत श्रद्धान्जली व्यक्त याना राष्ट्रिय ध्वायँ फाय्काः नेपाल सेनाया टुकडी सलामी बियाः नेपाःया संघनायकया शवयात्रा जूगु थ्व न्हापांगु खः । थी थी थासं सलंसः मनूत शवयात्राय् ब्वति कायेत वल । कर्णदीपय् च्वनेथाय् हे मदयेक । थ्व फुक्क वस्पोलया गुण लुमंकाः अन्तिम श्रद्धांजली व्यक्त याःवःगु मखा । थनं हे क्यना च्वंन वस्पोल गुलि मनूतय् नुगलय थाय् कया च्वंगु दु धकाः । सम्मान धयागु थः म्हं हति धकाः कायेगु मखु मेपिसं दुनुगलं व्यक्त याइगु अभिव्यक्ति खः धयागु दसु थ्व घटनां क्यना च्वंगु दु ।

अन्तय् गुरूवर अश्वघोष भन्तेयात श्रद्धाया छपास स्वां देछाना । ■

# दो गुणवती (मां गुणवती) गुरुमां लुमन्ति



**– माधवी गुरुमां**

दो गुणवती (मां गुणवती), गुरुमां सर्वगुणं सम्पन्नम्ह हे खः जिगु बिचारय् । ज्या याय् न्ह्याःम्ह, मनूतय्त, पाहुनातय्त सत्कार व सम्मान याय् सःम्ह, अलसी भ्याःभचा हे मदुम्ह, गजबम्ह खः वसपोल, धम्मवतीं धात्थें हे योग्यम्ह, गुणसम्पन्नम्ह वर्मी पासा छम्ह ल्यया: नेपालय् हयाबिज्यात ।


वसपोल गुरुमांयात बुढाबुढी, ल्यास्ये, ल्याय्म्ह, व मचात सकसियां उलिहे यो । स्वाभिमानीम्ह वसपोल शील्पविद्या नं यक्को हे सःम्ह । भ्वंया स्वां, पाउँया अनेक परिका, नय्गु नसाया परिकार आदि दय्क्य सःम्ह खः वसपोल । उकें हे खः वसपोल मदयावंसां नं वसपोलया कीर्तित ल्यनाहेच्वन तिनि । बर्मां नेपालय् वयाः बुद्ध शिक्षा प्रचार याः बिज्यात । तर थःगु देश बर्मां वसपोलयात मान पदवी बियाच्वन । अभिमान धयागु भ्याःभचाहे मदुम्ह गुरुमांयात चां न्हिं लुमं । वसपोलया पुण्यस्मृतिस वसपोलया सुगति व निर्वाण कामना यानाच्वना । ■

**लेखक एवं पाठक, ग्राहक वर्गमा हार्दिक अनुरोध**

★ **धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला ।** – धर्मकीर्ति विहार परिवार, फोन नं. ५३५९४६६



# सासनधज धम्माचरिय मां गुण गुरुमां थु कथं लुमंके



– लोचनतारा तुलाधर

शील आचरणं सम्पन्नम्ह मां गुण गुरुमांयात लुमंकेबलय् सकस्यां मिखाय् लुइगु दृश्य खः भुतुलिई उगुं थुगु नसा ज्वरय् याना च्वनीगु, भुतूया सामान सफायानाः थाय् थासय् तया च्वनीगु, बर्माया पाउँ ल्हातय् ल्हातय् बियाः "छकू नया स्व ना" धका बिया च्वनीगु आदि। थ्व त्वःताः वस्पोल सुज्या, भ्वंया स्वां दयेकेगु, चकलेट खोलया स्वां दयेकेगु ज्याय् पोख्त। गुगुं इलय् धर्मकीर्ति विहारय् वार्षिक उत्सवया दिनय् भव्य हस्तकला प्रदर्शनी जुइगु मां गुण गुरुमांया हे न्ह्यलुवाय् खः। थुकथं शिल्प विद्या सहित गृहिणी गुर्ण सम्पन्मह प्रव्रजित गुरुमांयात भ्रौ सकसिनं मांया गुणं सम्पन्नम्ह मां गुरुमां धायेगु याना च्वना। मचाबलय् अःपुक थुइका च्वनागु थुलि हे कि मामं थें सकसितं उतिग्यंक माया याना बिज्याइम्ह जुयाः 'मांगुरुमां' धाःगु। मैत्री व करुणा भय् भय् ब्यूम्ह वस्पोल सकस्यां नुगलय् दुहाँ वने फुगु कथं हे खः।

तर मां गुण गुरुमांयाके दुगु गुण उलि हे जक सीमित मखु। वस्पोल दुने च्वंगु अपार ज्ञानया भण्डार काचाक्क पिने खने मदु। वस्पोलयाके दुगु बौद्धिकता गनं पिज्वया च्वनी मखु। तसकं हे साधारण वस्पोल। छु हे मस्यूम्ह थें साधारण स्वया नं साधारण जुयाः प्रस्तुत जुया च्वना बिज्याइ वस्पोल। दुनेया ज्ञानं परिपक्व जुयाः हे वस्पोल थुभनं शान्त, निश्चल, सरल जुइ फुगु जुया च्वन। श्रद्धेय धम्मवती गुरुमांमं "जाःगु धम्प"या उपमा बिया बिज्याइगु थजाःगु हे आचरणयात जुइमाः।

बर्माया मुदौं राज्यया कोवरां गामय् सन् १९२४ दिसेम्वरं जन्म जुया बिज्याम्ह मां गुण गुरुमां न् १९३६ स भिंनिदँया मचागु उमेरय् हे प्रव्रजित जुया बिज्याःगु खः। मोलमिनया भंगु च्याउँ विहारय् प्रव्रजित जुयाः वस्पोल प्यदंतक वरिष्ठ गुरुमां पिनिपाखें बुद्धधर्म गहन अध्ययन याना बिज्यात। अनं वस्पोल ध्यान गुरुमां दो कुशलाचारी गुरुमांयाथाय् सतिपट्ठान ध्यान भावना अभ्यास याना बिज्यात। सन् १९४९ स वस्पोलं मोलमिनया प्रसिद्धगु खेमाराम नन्स स्टडिज सेन्टरय् प्रवेश जुयाः बुद्ध धर्मया उच्च तह यागु अध्ययन याना बिज्यात। थन हे धम्मवती गुरुमां नाप लाःगु खः। तसकँ लगनशील व कडा मेहनतं जक प्राप्त याये फइगु बुद्ध धर्मया उच्च तहयागु परिक्षा पास यानाः मां गुण गुरुमांमं थन "सासनधज धम्माचरिय" उपाधि प्राप्त याना बिज्याना। वस्पोलया बौद्धिकता गुलि च्वन्ह्याः थुकिं हे क्यनाच्वंगु दु। अथेहे ध्यान भावना वस्पोलया मेगु विशेषता खः। नेपामि पिन्त ध्यान भावना अभ्यास याके माःगु वाःचायेका बर्माया ध्यान गुरुमांपिं दो पञ्ञाचारी व दो सुखाकारी गुरुमांपिं नेपाः बिज्याकेगुलि मांगुण गुरुमां व धम्मवती गुरुमांपिनि हे कुतः खः। अथे हे शंखमूलया "अन्तर्राष्ट्रिय बौद्ध ध्यान केन्द्र" ब्वलंकेगु शुरुवाती दिनय् धम्मवती गुरुमां व मांगुण गुरुमांया तःधंगु योगदान दु। वस्पोलपिनिगु असीम करुणा व अनुकम्पां यानाः थौं भ्रौसं सद्धर्म छु धयागु छुँ भचासां थुइके फया च्वना। थुजाःगु गुणयात न्ह्याक्व अनुस्मरण

याःसां गाःगु मखु ।


बहु प्रतिभाया धनी मां गुण गुरुमां नेपाः बिज्याना गुलिचां मदुवं नेवाः भाय् सय्का बिज्यात । न्हून्हूगु ज्याखँ सयेकेगु इच्छा व क्षमता दुम्ह वस्पोलं मेपिं गुरुमांपिं नाप पिहां बिज्याइगु इलय् लँय् गनं साइन बोर्ड खन कि उकी छु च्वया तःगु धकाः न्यना बिज्याइगु जुयाच्वन । लँय् वना च्वँच्वँ थ्व छु थाय् ? थ्व छु त्वाः धकाः न्यनां बिज्यागु जुयाच्वन । अलय् विहारय् थ्यनेवं थ्व खँ नोट बुकय् नोट याना बिज्याइ । थुकथं स्वलाया दुने नेवाः भाय् सल । लिपा देवनागरी लिपिं च्वये नं सल । लिपा जूबलय् धर्मकीर्ति विहारय् बुद्ध शिक्षा ब्वं वइपिन्त कापीइ च्वया बियाः ब्वकेगु नं याना बिज्यात ।

वि.सं. २०२० सालय् नेपाः बिज्याःम्ह वस्पोलं वि.सं. २०२५ सालय् नेवाः भाषं 'वासेट्ठी थेरी' नांगु सफू च्वयाः पिथना बिज्यात । धम्मवती गुरुमां नं कना बिज्या कथं– वस्पोलयात नेवाः भाषं च्वयेगुलिइ स्यनेकने यानादीम्ह झी कवि चित्तधर हृदयजु खः । वय्कः इलय् व्यलय् विहारय् झायाः स्यनेगु याना दी । छगू इलय् चित्तधर हृदयजु नाप लायेत वइपिं मनूत वयकः छेँ मदइबलय् विहारय् दइ धकाः माः वय्गु याइगु खः । थुकथं वस्पोल नेवाः भाषं सफू च्वःम्ह न्हापाम्ह बिदेशी जूगु जुल । अथे हे वस्पोल वि.सं. २०४४ सालय् "नेपालय् २५ दँ जिगु लुमन्ति" नांगु सफू नं च्वया बिज्यात । उगु सफुतिइ धर्मकीर्ति विहार व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया कृयाकलाप व गतिविधिया वृतान्त व वस्पोलया अनुभव दुथ्याः ।

थी थी पक्षं वस्पोलया गुण लुमंका च्वनागु खःसां विशेष वस्पोलं झीत कुशल धर्म बृद्धि यायेगु ज्याय् हे झीत प्रोत्साहन बिया बिज्याःगु खने दु । निगू प्यंगू हे जक वस्पोलया सफू व लेख प्रकाशन वःगु दु खःसा नं उकी दुने वस्पोलं धया बिज्याःगु खँ मनन यायेगु हे झीसं याये माःगु ज्या धकाः थुइके माःगु खनेदु ।

लुमंके नु वस्पोलं थी थी इलय् च्वया बिज्याःगु अभिव्यक्ति– "बर्मी उखान छगू दु– ज्ञानी ज्वीत सफू हे स्वये माः । बिना सफू मब्वंकं ज्ञान दया वइ मखु" धाःथेंतु भगवान् बुद्धं कना बिज्याःगु भिंगु उपदेश न्यना तयागु अनुसारं भिंभिंगु सफूत नं ब्वने दुसा स्वःसा तिनि ज्ञानी जुया वइ ।" (- गुणवती, 'एकताया ताःचा' सफुतिं वि.सं. २०२८)

"२४ दँया जिगु अनुभव च्वया च्वनागु हे बुद्धं कना बिज्याःगु ३७ गू बोध्यंङ्ग मध्ये छगू वीर्य बोध्यङ्ग झन्झन् वृद्धि याये फयेमा धैगु मतीतया खः, यक्कोज्या



याये धुन धकाः फुईं यायेत मखु । २४ दँ तक धम्मवतीयात धर्म प्रचारया ज्याय् गुहालि बिया, थ्व ज्याय् गुहालि ब्यूपिं दातापिं सकस्यां कुशल चेतना बृद्धि जुइमा धैगु मतिइ तया । पूज्य सुशोभन भन्ते नं नेपाः वयाः छु छु ज्या याये धुन थःगु अनुभव मेपिन्त नं कना ब्यूसां ज्यू धकाः अनुरोध याना बिज्यागुलिं नं खः ।" (- मां गुणवती, "नेपालय् २५ दँ जिगु लुमन्ति" सफुति वि.सं. २०४४)

थःपिनि सञ्चय याना तयागु दान, शील, भावना पुण्य धर्मत बहनी द्यने त्यःगु अवस्थाय् लुमंकाः प्रत्यवेक्षण याना तिनि द्यनीपिं जुइमा धकाः लुमंकाः प्रोत्साहन बिया हया च्वना ।"

(- मां गुण गुरुमांया पौ, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र रजत महोत्सव स्मारिका, वि.सं. २०६७)

वस्पोलया अभिव्यक्ति लुमंकु लुमंकु च्वसुथन हे दिके ... वन्दना गुरुमां ।

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| क्र. सं. | बि.सं. २०७७/०७८ | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|---|
| १ | २०७७ चैत्र १५ गते, आइतवार फागु पुर्णिमा | पञ्ञावती गुरुमां | धम्मवती गुरुमां |
| २ | २०७७ चैत्र २३ गते, सोमवार अष्टमी | मेत्तावती गुरुमां | मेत्तावती गुरुमां |
| ३ | २०७७ चैत्र ३० गते, सोमवार, औंशी | खेमावती गुरुमां | खेमावती गुरुमां |
| ४ | २०७८ बैशाख १ गते, बुधवार संक्रान्ति | क्षान्तिवती गुरुमां | क्षान्तीवती गुरुमां |
| ५ | २०७८ बैशाख ७ गते मंगलवार अष्टमी | शुभवती गुरुमां | शुभवती गुरुमां |

> *"केवल विद्वान् बन्नतिर मात्र नलाग, असल मान्छे भएर बाँच्न सिक"*
> *- अश्वघोष भन्ते*


मिति .... का दिन भैरहवा विमानस्थलबाट लुम्बिनीतर्फ गइरहेको थिएँ। लुम्बिनीमा मैत्री भन्तेसँग भेटुं भनी फोन गरें, तर फोनबाटै थाहा भयो मैत्री भन्ते त काठमाडौंमै हुनुहुँदो रहेछ। फोनमा भन्तेले भन्नुभयो "अहिले बाटोमा छु। अश्वघोष भन्तेलाई बनेपाको ध्यानकुटी विहारबाट काठमाडौंको कान्तिपथस्थित ग्रायण्डी हस्पिटलमा लग्दैछु।"

ऐ अश्वघोष भन्ते बिरामी पर्नुभएछ। त्यतिबेला सोचेको थिएँ सामान्य तवरले बिरामी पर्नुभयो होला। आफ्नो कार्य भ्याएर काठमाडौं फर्केपछि अश्वघोष भन्तेको स्वास्थ्यबारे बुझें। उहाँ बिरामी पर्नुभएको सामान्य रहेनछ। उहाँका सबै चेला भिक्षुहरू तथा उपासक उपासिकाहरू निकै चिन्तित भइसकेको थाहा पाएँ। दौडी ग्रायण्डी हस्पिटलमा पुगें।

उहाँ शारीरिक पीडाले ग्रस्त हुनुहुन्थ्यो। मुश्किलले बोल्नुहुन्थ्यो। म आएको चाल पाउनु भएछ। मैले दान दिएँ। आफ्नो शक्ति जुटाएर ठूलो स्वरमा बोल्नुभयो "निरोगी जुइमा"। मेरो गुरुको अन्तिम वचन सुनेको त्यही थियो। आज मलाई लाग्छ त्यस्ता शीलवान् मेरा गुरुले अन्तिम समयसम्म पनि मलाई आशीर्वाद दिएर जानुभएको छ "निरोगी जुइमा" भनेर, त्यसैले म निरोगी रहन्छु। तर होइन, हामीले आ-आफ्नो कुसल र अकुसल कर्मको फल र विपाक भोग गर्नैपर्छ। त्यसैले सँधै निरोगी रहन सकिन्न, त्यो पनि म बुझ्छु।

भन्तेको स्वास्थ्य स्थिति बिग्रँदै गएपछि उहाँलाई धापासीस्थित ग्रायण्डी हस्पिटलमा लगियो। पटक पटक हेर्न गएँ। स्थिति बिग्रँदो छ। कुनै दिन आश जस्तो देखिने, फेरि नहुने। राहुल भन्ते निरन्तर बिरामी हेरचाह गर्दै हुनुहुन्थ्यो। उहाँले भने अक्सर आशावादी भएरै खबर दिने गर्नुहुन्थ्यो। दिन बित्दै गएको थियो। अश्वघोष भन्तेको दर्शन गर्नजाने उपासक उपासिकाहरूको लाम लाग्थ्यो, दिनहुं।


एकदिन मेरो बुबा अष्टमान सिंह बनियालाई लिएर फेरि पुगें, ग्रायण्डी हस्पिटलमा। भन्तेको अवस्था नाजुकै थियो। होश छ, छैन हामीले भन्न सकेका थिएनौं। कोलित भन्ते र सद्धातिस्स भन्ते सेवा गर्दैहुनुहुन्थ्यो। उहाँहरूले "भन्ते ! भन्ते !!" भनेर बोलाउनुभएपछि बिस्तारै आँखा खोल्नुभयो। अगाडि मेरो बुबालाई देखेपछि



# मेरा गुरुसँगको अन्तिम क्षण



**- डा. रीना तुलाधर**
*'परियत्ति सद्धम्म कोविद'*




मुसुक्क हाँस्नुभयो । शायद पुराना उपासकलाई देखेर खुशि हुनुभयो । केही बोल्न सक्ने अवस्था त थिएन । फेरि आँखा चिम्लिनुभयो ।

त्यो दिन भन्तेको अगाडि उभिरहँदा मनमा आइरहेको थियो मेरा गुरुको कान नजिक पुगी भनुं– "भन्ते हामीले बिर्सेका छैनौं गुरुवरको अमर वाणी **केवल विद्वान् बन्नतिर मात्र नलाग, असल मान्छे भएर बाँच्न सिक** । हामी गुरुको पथप्रदर्शनमा हिँड्छौं ।" तर मनको कुरा मनमै रह्यो, बोली फुटेन । मनमा आएको कुरा भन्ने हिम्मत आएको थिएन । माहोल अर्कै थियो । बिरामीको अगाडि बाधा पर्नेगरी धेरै बेर बसिरहन अप्ठ्यारो महशुस भइरहेको थियो । त्यतिकै फर्क्यौं । पछि भन्ने मौका आउला नि भनेर आफैलाई सम्झाएँ । तर त्यतिबेला थाहा थिएन त्यही नै गुरुको अन्तिम दर्शन हुनेछ भनेर ।


केही दिन पछि डाक्टरहरूले मनलाई तयार राख (Be mentally prepared) भन्न थाल्यो रे भनेको सुनें । "अहो मेरा गुरु अश्वघोष भन्ते, जसले मलाई आठ वर्षको उमेरदेखि बुद्धशिक्षा सिकाउनुभयो । जीवनलाई सही ढंगले बाँच्ने मार्ग दर्शन दिनुभयो ।" सोच्दै मन साह्रै दुःखिरहन्थ्यो । दुर्भाग्य भनुं कि, त्यहीताका अमेरिकामा जानुपर्ने काम भयो । जानुअघि भन्तेको दर्शन गर्छु भनी ग्रायण्डी हस्पिटलतिर लागेको । त्यतापटि बाटो बनाइराखेकोले बाटो बन्द थियो, ठाउँ ठाउँमा । टोखातिर जाने जुन बाटो गएपनि ट्राफिक जाम र बाटो बन्दले हैरान भएँ । हस्पिटल पुग्नै सकिन । मनमा चिसो लिएर फर्कनै पऱ्यो ।

अमेरिकामै मोबाइलमा खबर हेर्दै गरेको थिएँ । एकदिनको फेसबुक पोष्टमा भन्तेको निधन भएको खबर आई छोड्यो । एक्लै आँसु बहाउनुभन्दा अर्को विकल्प थिएन ।

अश्वघोष भन्तेको अन्तिम श्रद्धाञ्जलीको फोटोहरू फेसबुकमा हेर्दै रुन्थें । आफू त्यसमा संलग्न हुन नपाएकोमा ज्यादै दुःखि भएर दिन बिताएको थिएँ, वहाँ । "भन्ते हामीले बिर्सेका छैनौं गुरुवरको अमर वाणी **केवल विद्वान् बन्नतिर मात्र नलाग, असल मान्छे भएर बाँच्न सिक**, हामी गुरुको पथप्रदर्शनमा हिँड्छौं ।" भनी त्यति किन बोल्न सकिन होला त्यो दिन हस्पिटलमा भन्दै आफैलाई धिकार्थें । बोलेको भए गुरुले सुन्न सक्थ्यो होला । त्यो कुराले आज पनि मनमा घोचिरहन्छ । गुरुको अगाडि बोली त फुटेन, भैगयो । तर गुरुले देखाएको पथमा हिँड्न जीवन रहुञ्जेल प्रयासरत रहन्छु, यही सङ्कल्प लिएको छु । ■



# मेरी गुरुआमा मां गुण गुरुमांसँगको अन्तिम भेट



- डा. रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

सन् २०१८ जनवरीमा हामी म्यान्मार घुम्न जाने तरखरमा थियौं । ट्राभल एजेन्सीले म्यान्मारका महत्त्वपूर्ण ठाउँहरू भ्रमण गर्ने कार्यक्रम मिलाएर Itenary पठाइदियो । पहिले त मैले त्यस माथि राम्रोसँग ध्यानै दिइन । पछि केलाएर हेर्दा पो देखें त्यसमा मां गुण गुरुमांको विहारमा जाने समय मिलाएकै रहेनछ । ट्राभल एजेन्सिलाई पहिल्यै जानकारी दिन नसकेको आफ्नै कमजोरी भएछ । Itenary फेरि परिवर्तन गराउन पनि नसकिने भइसकेको थियो । सबै कुरा तय भइसकेको थियो । त्यो भ्रमण व्यक्तिगत होइन समूहमा गएका थियौं । मलाई भने म्यान्मार पुगी मेरी गुरुआमालाई नभेटी आउने त सवालै थिएन ।

म्यान्मार पुगेर एकदिन रंगून घुमेपछि भोलिपल्टै समूह च्याइथिउ जाने कार्यक्रम थियो । मैले च्याइथिउ नजाने निधो गरें । एक त मां गुण गुरुमांलाई नभेटी फर्किन्न म । अरु मेरो स्वास्थ्यले पनि त्यति साथ दिएको थिएन । समूहका साथीहरू च्याइथिउतिर लागे । म र मेरो श्रीमान्ले मां गुण गुरुमांलाई भेट्ने कार्यक्रम बनायौं । पण्डितारामामा गई जवनवती गुरुमांलाई लिएर मां गुण गुरुमां बस्ने उहाँकै विहार 'म्यान्मार-नेपाल' विहारमा पुगें ।

विहार भित्रको हल शुन्य थियो । एक छेउमा मां गुण गुरुमां सुतिराख्नु भएको थियो । हामीलाई देखेपछि उठ्नुभयो । मनमा श्रद्धाले भावविभोर भई गुरुमांलाई वन्दना गरें । उहाँको स्मृति कमजोर भएकोले त्यति छिटो चिन्नु भएन हामीलाई । जवनवती गुरुमांले फलानो भनी चिनाउन खोज्नुभयो । मां गुण गुरुमांले "ऐ हो हो" भन्नु त भयो, तर उहाँले पुरै सम्झेको हो कि वा अलिअलि गरी याद रह्यो भन्न सकिन । जे होस्, उहाँको दर्शन गरी उहाँको सामिप्यमा केही घण्टा बस्न पाएको मेरो लागि अमूल्य समय थियो त्यो ।

पहिलेको केही समयतिर, हामी जस्तै अक्सर नेपालबाट म्यान्मार भ्रमणमा जाने बौद्ध यात्रीहरू मां गुण गुरुमांको विहारमै सुविधापूर्वक बसेर आउँथे । गुरुमांले पूर्णरुपले पाहुना सत्कार गर्नुहुन्थ्यो भनी अरुबाट सुन्दै आएको हो । तर हामी पुग्दाको समयमा उहाँको उमेर ९४ वर्ष पुगि सकेको वृद्धाअवस्था त्यसमाथि उहाँको स्मृति कमजोर भएकोले पहिलाको जस्तो स्थिति रहेको थिएन । विहारमा पनि त्यति रौनक देखिंदैनथ्यो । तैपनि नेपालबाट मानिसहरू भेट्न आउँदा उहाँ ज्यादै खुशि हुने रहेछ । हामी बसुञ्जेल पनि उहाँ हँसिलो अनुहारले खुशि भई बस्नुभएको थियो ।

कसैबाट मैले एकपल्ट सुनेको थिएँ "आजकल नेपालबाट आउने पाहुनाहरू एकछिनको लागि आएर भेटी तुरुन्तै फर्कन्छ" भनी मां गुण गुरुमांले चित्त दुःखाउनु भयो रे। पहिला भए नेपालीहरू होटेलमा बस्नुको सट्टा त्यहिं बस्थे । मां गुण गुरुमां नेपालबाट आएका पाहुनाहरूलाई आफ्नै हातले भरपूर सत्कार गर्नुहुन्थ्यो । अहिले मां गुण गुरुमांसँग त्यो शक्ति रहेन । सुविधा पनि दिन सकेन रहेछ । त्यसो हुँदा नेपालीयात्रुहरू मां गुण गुरुमांको विहारमा नबसी होटेलमै बस्ने गर्न

थाले । नेपालबाट आएका यात्रुहरू त्यहाँ आएर एकछिन् भेटी "जाउँ है" भनी फर्कने गर्दा मां गुण गुरुमांलाई दु:खलाग्ने रहेछ ।

त्यही कुरालाई मनन् गरीकन हामी त्यहाँ धेरै बेर बस्यौं । पछि जवनवती गुरुमांले मां गुण गुरुमांलाई बाहिर एकपल्ट घुमाएर ल्याउँ कि के भनी हामीसँग भन्नुभयो । हामीले "हुन्छ नि" भनी खुशि व्यक्त गऱ्यौं । जवनवती गुरुमांले "मां गुणमां पिने चा:हिउवने न्ह्या:ला (गुरुमां बाहिर घुम्न जान मन लाग्छ)" भनी सोध्नुभयो । उहाँले केही बोल्नु भएन । उठेर भित्रपट्टिको कोठामा पस्नुभयो । किन उतातिर जानुभयो थाहा भएन । जवनवती गुरुमांले त्यस विहारकै बारेमा केही कुराहरू भन्दै गर्नुभयो । हामी त्यत्तिकै बाहिर बसिरह्यौं । केही बेर भइसकेकोले जवनवती गुरुमां भित्र हेर्न जानुभयो । "ऐ गुरुमां त लुगा लाएर तयार पो हुनलागेको रहेछ" भनी हाँस्नुभयो । म पनि भित्र गएँ । गुरुमां त बाहिर जानको लागि तयार हुनुभएको देखेर हामी दंग भयौं । गुरुमांलाई बाहिर घुम्न जान अति रहर लाग्ने रहेछ ।

गाडीमा मेरो श्रीमान् अगाडिको सीटमा बस्नुभयो । पछाडिको सीटमा मां गुण गुरुमांलाई बिचमा राखी दाँयाबाँया जवनवती गुरुमां र म बसी केही घण्टा रंगूनशहर घुमेको त्यो यात्रा मेरो जीवनको अमूल्यक्षण थियो । मैले गाडीमै मां गुण गुरुमांलाई केही शब्द बोल्न लगाई भिडियो रिकर्ड गर्ने प्रयासमा उहाँसँग अनेक प्रश्न राख्दै कुरा गर्नखोजें । जवनवती गुरुमांले पनि कुरा उठाउँदै उहाँसँग कुराकानी गर्न खोज्नुभयो । मां गुण गुरुमांसँग कुराकानीको भिडियो रिकर्ड नेपालमा ल्याएर धम्मवती गुरुमांलाई देखाउने मेरो मनसाय थियो । तर मां गुण गुरुमांले राम्रोसँग बोल्नु नै भएन । टोलाएर अकमकाएको जस्तो गरी बसिदिनु भयो । बरु गाडिको बाहिरपट्टि हेर्दै कुरा भन्न थाल्नुभयो– "हेर यो ठाउँ पहिला पहिला खालि खालि थियो । अहिले कति घरहरू भइसके ।" यसो भन्दै बाहिरको दृष्य हेर्नमा उहाँ रमाउनु भयो । उहाँलाई कुनै कुरा याद रहने, कुनै भने बिर्सिने भएको थियो ।

घुम्दै हामीलाई जवनवती गुरुमांले सितगु सयादोको विहारमा लग्नुभयो । म दंग परें । सितगु सयादोको दर्शन गर्न पाउने भयो भनी । तर त्यसो भएन । त्यो दिनमा सितगु विहार संस्थाको ठूलो मिटिंग सकाएर सयादो एकछिन आराम गर्नजानु भएको रहेछ । "बाधा नपुऱ्याउँदा हुन्छ" भनी त्यहाँका मानिसहरूले भने । हामीलाई अलि नरमाइलो लागेको थियो । मां गुण गुरुमां भने त्यहाँ पुगेपछि त एकदमसँग सक्रियभई यताउती घुम्न जानुभयो । हरेक कोठामा भएको बुद्ध प्रतिमा अगाडि बसी वन्दना गर्ने, बुद्धपूजा गर्ने, परित्राण पाठ पढ्ने गर्नुभयो । म त गुरुमांको श्रद्धा देख्दै चकित भएँ । हामीभए विहारहरूमा घुम्न जाँदा पाठ आदि गर्नुभन्दा पनि यताउती चहार्दै फोटोहरू लिनमै व्यस्तहुने गर्छौं ।

त्यहाँ सबैतिर हेरेपछि हामी फर्क्यौं । बाटोभरि गुरुमांसँग हलुका कुराकानी गर्दै आयौं । बिस्तारै हामी गुरुमांको विहारतिरको ठाउँमा पुग्यौं । अनि त मां गुण गुरुमांले "ऐ पुग्यौं" भन्ने भावले बोल्नुभयो । आफ्नो टोलनिर पुगेपछि बाटो याद आएको रहेछ र उहाँले दंग भएर बोल्नु भएको रहेछ ।

गुरुमांलाई विहारमा पुऱ्याएर एकछिन बसी हामी फर्क्यौं । मनमा चिसो लागेको थियो । मेरी अति श्रद्धेय गुरुमांको दर्शन गर्ने मौका जिन्दगीमा फेरि अर्को आउला कि नआउला । अहँ आएन, त्यही नै अन्तिम रह्यो मैले मां गुण गुरुमांको दर्शन गरेको ।

हामी सबै एकदिन मर्नकै लागि जन्मेका हौं । तर यसरी कैयौं मानिसको हृदयमा कहिल्यै नमेटिने स्मृतिको छाप हाली जीवन जिउनु नै हामीले करुणाकी देवी मां गुण गुरुमांबाट सिक्नु पर्ने हो ।

करुणाकी प्रतिमूर्ति मां गुण गुरुमां को हुनुहुन्थ्यो हरेक नेपाली बौद्धले चिन्नुपर्छ । नेपालमा बुद्धधर्म प्रचार गर्नको लागि स्वदेश त्यागी निरन्तर ३५ वर्ष नेपालमै बसी, अनि त्यसपछि पनि पटक पटक नेपाल आएर नेपाल र नेपाली बौद्धजनको प्रति मांगुण गुरुमांले के कस्तो गुण लगाउनु भयो त्यसको ऐतिहासिक दस्तावेज जगेर्ना गर्नु हाम्रो कर्तव्य हो । धर्मकीर्ति विहारको स्वर्ण महोत्सवको अवसरमा धर्मकीर्ति विहारले "नेपालय् मां गुण गुरुमां" नामको पुस्तिका, त्यसकै अँग्रेजी अनुवाद "Daw Gunwati in Nepal" प्रकाशित गरेको हो । त्यो एउटा सानो कार्य थियो । मां गुण गुरुमांको योगदानको कदर नेपाली बौद्धले जति गर्नुपर्ने थियो, त्यो गर्न सक्यौं कि छैन त्यसमाथि विचार पुऱ्याउनुपर्छ । **कतञ्ञुता एतं मङ्गलंमुत्तमं** बुद्ध वचनलाई मनन गरौं ।



# अश्वघोषभन्ते, आध्यात्मिक चिन्तन व व्यावहारिक ज्ञान

– सह प्राध्यापक मदनरत्न मानन्धर

वसपोल अतिकनं हनेबहःम्ह नेपाःयाखुम्हम्ह संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविरया महाप्रयाण जूगु नं निदँदत । छन्हु धाधां निन्हु धाधां निदँफुत ।कथहनं दँ नं दँफुइतिनि, थुकिइ छुं हे अजूचाये म्वाः ।अजूचाये माःगु लाथम्हं छुं हे याये मलाकं ई फुनाच्वंगुलिइ का !आः नं लाःनि ई दनिबलय् हे थःके आध्यात्मिकउन्नतियाअभ्यास यायेगु । आध्यात्मिकचिन्तनयाविषयय्वसपोल भन्तेया थःगु हे सिद्धान्त वाधारणा दुगु खँयक्वसियां वाःचाःजुइमाः । वसपोलं बरोबर धयाबिज्याइँविद्वानजुइगु स्वयेमते, ज्ञानी जुइगु स्व ।'

विद्वानधाःपिं सकलें ज्ञानी मजूगु शायदवसपोलं खंगु दयेमाः । विद्वानधाःपिंपाखें हे समाजय् यक्व विकृति, कलहअले बेथितिवयाच्वंगु यक्वसियां अनुभवयाःगु दइ । उदाहरणया निंतिं देशया राजनैतिक नेतातजक स्वःसां गाः । खँल्हाइगु, भाषण याइगु न्यनेबलय् स्वयेबलय् उमितविद्वानधकाः सुनां मधाइ। तर उप्वःधयाथेंउजाःपिनिगु पहःचहः, बानीव्यवहार व ज्याखँ ज्ञानीपिंके थें खनेमदु । उकिं हे जुइथौं स्वयाःपीदँन्ह्यःफ्रीगु देय् स्वयाःलिपालाःपिं थाइलाय्ण्ड, भियतनामआदि देय्त आःफ्री स्वयाःगुलिखे उन्नत जुइधुंकल । अबलय् थाइलाय्ण्डया धेबा एक बाहतयाफ्रीगु फ्रिंन्याःना (६० पैसा) जक । आःम्हिगःथौं एक बाहतयाप्यतका स्वयां उप्वःबीमाः । गुलिपात अर्थतन्त्ररुअबलय् छगू डलरया फ्रिंनितका (१२ रुपियाँ), आः सच्छि व फ्रिंन्हय्तका (११७ रुपियाँ) धैथें पुलेमाः ।

उलिजकखःला नेपाःयादाजुकिजापिं बैदेशिक रोजगारय् विदेशय् वनाःकमाये यानाः छ्वयाहःगु रेमिटाय्न्सं फ्रीगु देय्या अर्थतन्त्रधानये यानाच्वन, म्हिगःथौं । थःथाय् देशय् रोजगारी सिर्जना यानाःल्याय्म्हत देशय् थाकेगु मस्वसे धमाधमविदेश पितिना छ्वयाच्वन । माफयानादिसँ, थनपितिनाशब्द छ्यला, छाय्धाःसा सरकारं हे न्हिं द्वलंद्वःपासपोर्ट बियाः, छगूकथं पासपोर्ट मियाः, मनूतपित छ्वयेगुलिइप्राथमिकताबियाच्वंगु दृष्टान्त खनाच्वनागु दु । मेमेथाय् देशय् अथे याउँकपासपोर्ट मब्यू ।

मेमेगु उदाहरण स्वःसां, स्वःस्वःथाय् बेथिति, स्वःस्वःथाय् भ्रष्टाचार । थ्वफुक्कयाहुनि (कारण) छु रुन्ह्यसः तयेथाय् दु । लिसलय् शायद व हे विद्वानख्वाःवःपिं तर ज्ञानी मजूपिं मनूत खने दःवइ ।थथे हे विसंगतितखनाबिज्यानाः हे वसपोलं अथे धयाबिज्याःगु जुइमाः ।

अले वसपोलयादर्शन धावाच्यूताः, व्यावहारिक ज्ञानय् न्ह्याबलें बःबियाबिज्याइ । छाय्धाःसामात्र सिद्धान्तं न त प्वाःजाइ, न त सुयातं फाइदा हे याइ । सिद्धान्त स्यू थें, थू थें उकियातव्यवहारय् छ्यःसातिनिउकिया मू दइ, उकिं बीमाःगुफाइदाबी । अथेजुयाःवसपोलयाअप्वःधयाथें धर्मदेशनाधावाप्रवचनधावा भाषण धा, व्यावहारिकताय् आधारित जुइ ।

अथे हे वसपोलं उप्वःधयाथें प्रशंसा यानाबिज्याइगु धयागु, धम्मवती गुरुमांनं मिसातयृत छेँछेँय् मिलये जुइमाःगु बारे कनाबिज्याइगु खँ ।माजु भौ, पिंलिमाय्लि, तता केहेँ आदि सकस्यां थःथःगु कर्तव्य पूवंकूसा कचवं धयागु हे दइमखु । धर्मया खालि सैद्धान्तिक खँजककनां छेँ गथेयानाः सुथांलाइधयागु वसपोलयाबिचाः ।

वसपोलं बुद्धया अतिगम्भिर दर्शनया देशनायानाबिज्याःगु जिं निं न्यनेमनं । गबलेंगबलें प्रसंगवशअजाःगु खँवहे वःसां तसकं सरल व व्यावहारिक उदाहरण तयाःकनाबिज्याइ । धयाबिज्याइँजिथःहे हरन्त, गनं अरहन्तयाखँ कने'

थथे सरलतां जाःम्हवसपोल श्रद्धेय भन्ते फ्रीन्ह्यःने मदयेधुंकल । अथेसां तबिलिबाक हे जूसां नेपाल सरकारं वसपोलयावासःखर्च व्यहोरे यायेगु निर्णय वमदयेधुंकाः राष्ट्रिय सम्मानया घोषणा याःगुयात महत्वपूर्ण कथं फ्रीसं कायेमाः, उकियानिंतिं सरकारयात धन्यवाद नं बीमाः । लिसेंउकियापहलयानादीपिं फ्रन साधुवादयापात्रधायेमाः ।

वसपोल संघनायक भन्तेयात ननानं निर्वाण प्राप्तजुइमाधकाः पुण्यानुमोदनयाना । ■



# मां गुण गुरुमां, धर्मकीर्ति विहार व नेपाःया बुद्धसासन

– सह प्राध्यापक मदनरत्न मानन्धर



*धम्मवती गुरुमां व मां गुण गुरुमां*

वि.सं. २०२० सालं पूजनीय धम्मवती गुरुमांनाप नेपाः बिज्याःम्ह वसपोल बर्मी गुरुमां दो गुणवती थ्यंमथ्यं स्वीन्यादँ नेपाः च्वनाबिज्यात । उलिजक मखु वयां लिपा नं दँबदँय् नेपाः बिज्याना नेपालय् थेरवाद बुद्धधर्मया ख्यलय् ज्वःमदुगु योगदान यानाबिज्यात । वंगु २०७५ या चिल्लागा अष्टमी (दुदुच्यांच्यां) कुन्हु वसपोल बर्माय् हे दिवंगत जुयाबिज्यात ।

वसपोल नेपालय् च्वनाबिज्याःजःछि व लिपा नं नेपालय् थेरवाद बुद्धधर्म प्रचार व प्रसारया ज्याय् तःधंगु योगदान दुगु धर्मकीर्ति विहारया उन्नति व प्रगतिया निंतिं वसपोलयागु तःधंगु व ज्वःमदुगु लिधँसा दुगु खँ स्यूपिं व खंपिं आपालं उपासक उपासिकापिं दनि ।

झिंप्यदँया नच्चा ल्यासेम्ह गणेशकुमारी गथेयानाः बर्माय् वन, थ्यन, अले गजाःगु हण्डर नयाः धम्माचरिय पासयाना बिज्यानाः धम्मवतीया रुपय् नेपाः लिहाँ बिज्यात धयागु स्यूपिं नं यक्वं दु, अले उकिया हे बयान यानाः पिहाँवःगु वसपोलया जीवनी 'यःम्ह म्ह्याय्' नं भ्रीगु न्ह्यःने दु । वसपोल धम्मवती गुरुमां नेपाःया अज्ञानीजनपिन्त बुद्धया शुद्ध शिक्षा कनेत, क्यनेत हे नेपाः लिहाँ बिज्याःगु खः, तर वसपोलयाके भचा ग्याःचिकु दयाच्वन, गथेयानाः धर्मया खँ ध्वाथुइकेगु धकाः । अले थःत ल्वःम्ह पासा छम्ह नं बर्मानिसें हे ब्वना यंके धयागु संकल्पं यानाः वसपोलं मा गुण गुरुमांयात यानाबिज्याःगु आग्रहयात सहर्ष स्वीकार यानाबिज्यास्येंलि वसपोल मा गुण गुरुमां नेपाः बिज्याःगु खः ।

नेपाः थ्यनाः वसपोलपिसं सियाबिज्याःगु दुख कष्टया बाखं बिस्कं हे दनि । मुक्कं अनागारिका (गुरुमां)पिनि निंतिं धर्मकीर्ति विहार स्थापना व विकासया गौरवं जाःगु इतिहास नं सकसिगु न्ह्यःने दु । नेपाःया मनूत अभ्र विशेषं मिसापिन्त धर्मया ख्यलय् मिखा चायेकेगु ज्याय् पूज्य धम्मवती गुरुमांया क्रान्तिकारी प्रयास नं थःगु थासय् दु । थ्व फुक्कया ल्यूने वसपोल मा गुण गुरुमांया अनन्त गुन दु धयां उप्वः खँ जुइमताः ।

बुद्ध जन्मभूमि नेपालय् बुद्धया इलय् हे नेपाःगालय् दुतिने धुंकूगु शुद्ध बुद्धशिक्षायात वःगु थीथीकथंया मार व लातयात वास्ता मयासे नेपालय् हाकनं शुद्ध बुद्धशिक्षायात पुनर्जागरण यायेगु ज्याय् तिबः बियाबिज्याःपिं श्रद्धेय भन्तेपिं व अनागारिका गुरुमांपिनिगु गौरव गाथा इतिहासया पानाय् स्वर्णाक्षरं लिपिबद्ध याये बहःजू । छाय्धाःसा बुद्धधर्मया नामय्, बौद्ध अभ्यासया नामय् अनेकथं विकृति व मिथ्या आचरणं थाय् कया च्वंथाय् बुद्धया पञ्चशील, चतुआर्य सत्य, आर्य अष्टांगिक मार्ग, प्रतीत्यसमुत्पाद, हेतुप्रत्यय आदिया वास्तविक खँ न्यने ब्वने दुबलय् नेपाःया मनूतसें थःत थम्हं तसकं भाग्यमानी तायेकूगु यथार्थ सकसिगु न्ह्यःने दु । मात्र कर्मकाण्डय् लिकुनाच्वंगु व लिकुंका तःगु बुद्धशिक्षाया चाकः तचाकः यायेगुलिइ वसपोल भन्ते गुरुमांपिनिगु तसकं तःधंगु अले गुबसं ल्वःममनीगु योगदान दु । लिसें विहार निर्माण व जिर्णोद्धारया ज्यां नं बुद्धसासन थातं तयेत यक्वं तिबः जुयाब्यूगु दु ।

थ्वहे भ्रवलय् गुरुमांपिनि निंतिं बिस्कं हे विहार नीस्वनेगु गुगु साहसिक ज्या खः, व नं चाःचूगु सत्प्रयास मखु । थथेभनं पलाः पतिकं हाथ्या (चुनौतिं) जायाच्वंगु थासय् थःगु जीवनया महत्वपूर्ण ई बीगु गुगु निर्णय वसपोल मा गुण गुरुमांनं याना बिज्यात उकियात न्ह्याक्व च्वछाःसां म्हो हे जुइ ताः ।

वसपोल दिवंगत जुयाबिज्याःगु नं निदँ दत । वंगु २०७६ या पुस महिनां वसपोलया बर्माय् च्वंगु विहारय् वनाः फोटोजक स्वयाः जूसां श्रद्धाञ्जली द्यछाना वया । वसपोलयात ननानं निर्वाण प्राप्त जुइमा धकाः पुण्यानुमोदन याना । भवतु सब्ब मंगलं । ■

# गुणवान् दो गुणवती गुरुमां



– **विमलज्ञाणी**
*अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल*

भगवान् बुद्धले आज्ञा हुनुभएको दुर्लभ व्यक्तिहरू यो संसारमा दुई जना छन् । पुब्बकारी भन्ने सर्वप्रथम उपकार गर्ने व्यक्ति र कतञ्ञू कतवेदी भन्ने अरूले आफूमाथि गरेको गुणउपकारलाई सम्झेर जानेर गुण तिर्ने व्यक्ति । सबैभन्दा पहिला उपकार गर्ने व्यक्ति भनेको आमाबुबा, त्यस्तै गुरूआचार्यहरू हुन् । आमाबुबा र साँच्चैको गुरूआचार्यहरूले आफ्नो बारेमा केही पनि नसोचिकन आफ्ना सन्तानहरू र आफ्ना शिष्यहरूको हितकल्याणलाई प्राथमिकता दिने हुन्छन् । आफ्ना सन्तानहरू र शिष्यहरूप्रति शुद्ध र निस्वार्थरूपले मैत्री करुणा अगाडि सारेर उनीहरूको सुख मंगलको मात्रै इच्छा र आकांक्षा गरिराखेका हुन्छन् । सन्तानहरू र शिष्यहरूले आफुप्रति जस्तोसुकै नराम्रो व्यवहार गरेतापनि त्यसलाई सहनसक्छन्, क्षमा गर्नसक्छन्, आफुले जतिसुकै दुःखकष्ट भ्हेल्नुपरेता पनि भ्हेल्नसक्छन्, आफ्नो फाइदालाई अघि सार्दैनन्, सन्तान र शिष्यहरूकै बारेमा सबैभन्दा पहिला सोच्ने हुन्छन् । आफ्ना सन्तान, शिष्यहरू लौकिक क्षेत्रमा पनि धर्मको क्षेत्रमा पनि पछि नपरेकाहरू बनाइदिन्छन् । आमाबुबा र गुरूआचार्यहरूको उक्त महान् गुणलाई जानेर देखेर प्रत्युपकार गर्ने व्यक्तिहरूलाई कतञ्ञू कतवेदी भनेर भनिन्छ ।

नेपाल र नेपालीहरूको लागि अनेक दुःखकष्टहरू भ्हेलेर नेपालमा बुद्धसासन उन्नति र अभिवृद्धि गर्न धेरै योगदान गर्नुभएका वहाँ गुरुमाँ दो गुणवती हाम्रो लागि एक पुब्बकारी व्यक्ति हुनुहुन्छ । बर्मादेशबाट नेपाल पाल्नु भइ ३२ वर्षसम्म नेपालमा रही नेपालीहरूलाई तथागत बुद्धको उत्तम शिक्षाधर्महरू सिकाउनु हुने वहाँ दो गुणवती गुरुमाँलाई सबैजनाले मागुण गुरुमाँको नामले चिन्छन् । वहाँ अब हामी माभ्ह हुनुहुन्न । वहाँको नाम गुणवती हो, जुन शब्दले गुण भएको, गुणवान् भन्ने अर्थ दिन्छ । नामलाई सुहाउने गरीकन नै वहाँ गुरुमाँ अनेक गुणहरूले भरिपूर्ण व्यक्ति हुनुहुन्छ । नेपालीहरू सबैजनाले वहाँलाई अरूप्रति मैत्री करुणाले युक्त भइ धेरै दयामाया भएको व्यक्ति, सँधै अरूलाई खुवाउन पिलाउनमा खुशी भइरहने व्यक्ति, विभिन्न सीपहरू सिकाइरहने व्यक्ति, जस्तोसुकै दुःख कष्ट कठिनाइहरू भएतापनि सहनसक्ने क्षमता भएको व्यक्ति, रिसाउने बानी नभएको नरम र कोमल स्वभावको व्यक्ति, कहिल्यै अलसी नमान्ने, अति नै मिहिनती, शीलाचरणमा दृढ, धर्ममा अटल श्रद्धा र आस्थावान् व्यक्ति भनेर सम्भिरहन्छन् । वहाँ गुरुमाँले हामी नेपालीहरूलाई ठूलो गुण लगाउनु भएको छ । वहाँले कतिसम्म दुःख गरेर सासनिक कार्यहरू गर्नुभयो, वहाँको स्वभाव के कस्तो छ भन्ने कुरा वहाँ गुरुमाँसंग संगत गरेका सबैजनालाई राम्रोसंग थाहा छ । वहाँको गुणउपकारलाई लाभ गरेका हामीहरूले वहाँले सिकाए बुभ्हाएका अववाद अनुशासनअनुसार आचरण अभ्यास गर्दै गयौं भने वहाँ गुरुमाँको गुणउपकारलाई प्रत्युपकार गरेको हुनेछ । अनि हामी पनि कतञ्ञू कतवेदी हुनेछौं ।

म वि.सं. २०४८ सालमा प्रब्रजित भइ बुद्धशिक्षा अध्ययन गर्नको लागि बर्मा जान लागेको बेला वहाँ गुरुमाँले एकजोर गुरुमाँ वस्त्र दान दिनुभएको थियो । त्यतिबेला गुरुमाँ अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूलमा बसी सेवा गरिरहनु भएको थियो । बर्मामा ध्यान शिविरमा बसिरहेको बेलामा नै म प्रब्रजित भएको हुनाले वस्त्र व्यवस्था गर्न धेरै समय मिलाउन सकिएन । त्यो अवस्थामा वहाँले दिनुभएको त्यो वस्त्र मेरो लागि अति नै उपयोगी भयो ।

हामी नेपाली भन्तेहरू र गुरुमाँहरू बर्मा, रंगून शहरको पण्डिताराम ध्यान केन्द्रमा प्रटिपत्ति ध्यानअभ्यासको साथसाथै परियत्ति पनि अध्ययन गरिरहेको समयमा पनि वहाँ दो गुणवती गुरुमाँले बरोबर नेपाली खानेकुराहरू पकाएर ल्याइ हामीहरूलाई खुवाउन आउनु हुन्थ्यो । वहाँ आफु भान्सामा काम गर्न सकुन्जेलसम्म नै थरी थरीका नेपाली खानेकुराहरू नेपालीहरूको लागि मात्र नभइकन बर्मेली गुरुमाँहरूको लागि पनि ल्याउनु हुन्थ्यो । वहाँ बस्नुहुने म्यान्मा नेपाल विहार र हामी बस्ने ध्यान केन्द्र त्यति नजिक छैन । टाढा आउनु परेतापनि वहाँ गुरुमाँ अलिकति पनि गाह्रो नमानिकन हामीहरूलाई समय समयमा हेरचाह गर्न आउनु हुन्थ्यो । त्यसैले बर्मामा बसिरहेतापनि नेपालमै

पुगेको जस्तो महसुस हुन्थ्यो ।

वहाँ गुरुमाँ र हामी पण्डिताराम ध्यान केन्द्रमा अध्ययन गरिराखेका अनागारिका गुरुमाँहरूमा सन् १९९५ तिर भएको एउटा घटना अहिलेसम्म पनि स्मरणमा छ । त्यो साल बर्माको नववर्षको अवसर पारेर प्रजातन्त्र नेत्री उपासिका आउँ सां सु चि ले आफ्नो आवासमा परित्राण पाठको लागि हामीलाई निमन्त्रणा गरेको थियो । वहाँ उपासिकालाई नेपाली परित्राण पाठ औधी मनपर्छ । वहाँको घरमा भोजन जानेबेलामा पनि अरू ठूल्ठूला सयादो भन्तेहरूको अगाडि हामीले पनि अलग्ग परित्राण पाठ गर्नुपर्थ्यो । त्यो दिनमा पनि हामी परित्राण पाठ गर्नको लागि उपासिकाको घरमा जाँदै थियौं । हामीलाई विहारमा गाडीले लिनआउने व्यक्ति चाहिं ऊ थें च्यो उपासक हुनुहुन्थ्यो, जो सन् २०१५ कोचुनावपछिबर्माको राष्ट्रपति हुनुभएको थियो ।त्यो दिन उपासिका आउँ सां सु चि लाई शुभकामना दिन वहाँको घर जान खोजिरहेका प्रजातन्त्रवादीहरू थुप्रै थिए । सैनिक सरकारले उनीहरूलाई रोक्न चारैतिर बाटो बन्द गरिराखेको थियो । हामीलाई चाहिंजान त दियो । तर ठाउँ ठाउँमा अनेक केरफेर गरेको थियो । पछि उपासिकाको घरअगाडि पुग्दा फेरि जाँचबुझ गऱ्यो । हाम्रो फोटोहरू पनि धेरै खिच्यो । त्यो अवस्थामा हामीहरू सबैजना केही अनर्थपो हुने हो कि भनेर निकै डरायौं । हामी परित्राण पाठ गर्न आएको गल्ती पो भयो कि भन्नेसमेत विचार आयो । हामीलाई बर्मादेशबाट फिर्ता पठाइदियो भने के गर्ने भनेर पीर पनि पऱ्यो । त्यो दृश्य अहिलेसम्म पनि आँखामा झलझलि आउँछ ।

तथागत बुद्धले आज्ञा हुनुभएको छ – रूपं जीरति मच्चानं, नाम गोत्तं न जीरति । मानिसहरूको रूप जीर्ण भइ लोप भएर गएतापनि नाम र गोत्र जीर्ण हुँदैन । भवजन्म प्राप्त भयो भने नै त्योसंगसम्बन्धित जरा ब्याधि मरण स्वभावधर्महरू पनि पछि पछि आउने नै हुन्छ । सँधै तरुण अवस्थामा रहन चाहेतापनि, सँधै निरोगी हुन चाहेतापनि, सँधै बाँचिरहने इच्छा भएतापनि त्यस्तो हुन सक्दैन, त्यो सम्भव छैन । यो स्कन्धशरीर क्षण क्षणमा नै बिस्तारै जीर्ण हुँदै अन्त्यमा विनाश भएर जान्छ । लोप हुन्छ । त्योसंगै नामधर्महरू पनि विनाश हुँदै लोप भएर जान्छ । बाँकी हुने भनेको त हाम्रो नाम, गोत्र मात्रै हो । त्यो बाँकी हुने कल्याण राम्रो नाम र नराम्रो नाम दुईमध्ये हामीले राम्रो नाम छोडेर जानु आवश्यक छ । कल्याण कित्तिसद्द – राम्रो यशकीर्ति छोडेर जानको निम्ति कोसिस गर्नु आवश्यक छ ।

*( क्रमशः २१ पेजमा ... )*

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ।।**
**यही नै बुद्धको उपदेश हो ।**


VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4225625 / 4244173

# बिश्व मोटर ट्रेडर्स

**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै ब्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# श्रद्धेय भिक्षु अश्वघोष भन्ते मेरो नजरमा



**– क्षान्तिवती**
धर्मकीर्ति विहार, श्रीःघ, काठमाण्डौं

लगभग १४ वर्ष अगाडि भन्तेलाई मैले श्रीःघः विहार काठमाण्डौंमा पहिलो पल्ट भेट्ने मौका पाएकी थिएँ । भन्तेको दर्शन गरेको थिएँ । श्रद्धेय मेधंकर भन्ते र श्रद्धेय अस्सजित भन्ते बुद्धजयन्तिको लागि म्याग्दी बेनी आउनु भएको थियो । उहाँहरूले काठमाण्डौंमा गुरुमां बन्न सकिन्छ भन्ने बताउनु भएको थियो । यदि गुरुमां बन्ने हो भने काठमाण्डौं आउनु हामीले गुरुमांहरू बस्ने ठाउँ हेरी बस्ने मिलाई दिन्छौं भन्नु भएको कारणले गर्दा याम शाक्यदाइ, कल्पनादिदी र म काठमाण्डौं आएका थियौं ।

खासै भन्तेहरू र गुरुमांहरूको बारे साथै भगवान बुद्धको शिक्षाको बारेमा पनि मलाई ज्ञान थिएन । तर भन्तेहरूलाई, गुरुमांहरूलाई वन्दना गर्न राम्रो संग आउँथ्यो । भिक्षु प्राणपुत्रले सिकाउनु भएको थियो। प्राणपुत्र भन्तेको मार्गनिर्देशनमा नै मलाई गुरुमां बन्ने प्रेरणा मिलेको हो ।

अश्वघोष भन्तेलाई भेटे पछि भन्तेले मलाई भन्नुभयो "त्यागीहुनु भनेको आफ्नो लागि होइन, अरुको लागि हो । ज्ञानी भएर राम्रोसंग प्रव्रजित जीवन बिताउनु" भन्नु भयो । मैले भने "हवस्" । यो हवस् भन्ने शब्द एकदमै सजिलो तर जति सजिलो छ त्यति नै गाह्रो र महत्वपूर्ण पनि रहेछ ।

अश्वघोष भन्तेले लेख्नु भएका धेरै पुस्तकहरू मध्ये मैले कतिपय पुस्तकहरू अध्ययन गरेको छु । असल शिक्षा, नारीहरूमा पनि बुद्धि हुन्छ, धर्म जीवन जिउने कला जस्ता पुस्तकहरू अध्ययन गर्ने मौका पाएको छु । भन्तेलाई भेट्न गयो भने सधैं एउटा पुस्तक हातमा थमाई दिनुहुन्थ्यो । भन्तेले लेख्ने पुस्तकहरू एकदमै सरल र सहज रूपमा बुझ्न सक्ने भाषामा लेख्नु हुन्थ्यो, जुन पुस्तक जो कोहिले पनि आरामले बुझ्न सक्थ्यो । भन्तेले विद्वताको घमण्ड गरेको कहिल्यै देखिनं मैले । सधै साधारण भिक्षुको रूपमा प्रस्तुत हुनु भएको देखें । मानिसहरू अलिजान्ने बुझ्ने भए पछि म जस्तो जानेको व्यक्ति, सुनेको व्यक्ति कोही छैन जस्तो गरी अरूलाई हेपेको देखिन्छ समाजमा, तर भन्ते कसरी हुन्छ आम जनता अथवा भनौं साधारण मानिसहरूको समूहमा बुद्धको शिक्षालाई पुऱ्याउन सक्छु भनी कति सरल भाषामा पुस्तकहरू लेख्नुभएको छ । जुन पुस्तक बुद्धको शिक्षालाई सजिलो तरिकाले बुझ्नको लागि उपयुक्त हुने हिसावले लेख्नु भएको छ । बुद्धको शिक्षा एकदमै व्यावहारीक छ । भन्तेले पुस्तकको माध्यमबाट साधारण लेखपढ गरेका मानिसहरूले पनि र धेरै पढेका विद्वान् वर्गहरूले पनि बुझ्नु भन्ने हिसाबले बुद्धको शिक्षालाई सरल रुपमा प्रस्तुत गर्नुभएको छ । जसले बुद्ध धर्मको शासनको उन्नतिमा यसले धेरै नै महत्वपूर्ण भूमिका निभाएको हामीले पाउँछौं ।

यति धेरै शासनिक कार्य गर्नु भएका व्यक्ति अहिले हामी माझ हुनुहुन्न, त्यही भएर त उहाँको गुण स्मरण गरी यो लेख लेख्नु परेको छ ।

भन्ते जहाँ भए पनि मनुष्यलोकमा गरेको पुण्यको प्रभावले निर्वाण प्राप्तहोस् । ॥ भवतु सब्बमंगलम् ॥

**गुणवान् दो गुणवती गुरुमां** ... ...

दो गुणवती गुरुमाँ यो जीवन छोडेर जानुभएको दुई वर्ष भइसकेतापनि वहाँ नेपालीहरूको हृदयमा आजसम्म पनि यथावत रहिरहनु भएको छ । वहाँको नाम अहिलेसम्म पनि सबैको बोलीवचनमा जीवितै छ । सबैले वहाँको गुणउपकारलाई विभिन्न रूपमा सम्झिरहेको छ । वहाँको धेरै गुणगान गरिराखेको छ । हामीले ती गुणहरूलाई सम्झी गुणगान मात्र गरिरहने काम नगरिकन वहाँसंग भएका गुणहरू आफुआफुमा पनि वृद्धि गर्ने कार्य गर्नुपर्छ । अनि मात्र हामी गुण जान्ने भएर दुई दुर्लभ व्यक्तिहरूमध्येको एक कतञ्ञू कतवेदी हुनपुग्छौं ।

वहाँ दो गुणवती गुरुमाँ दिवंगत हुनुभएको दुईवर्षको पुण्यस्मृतिमा वहाँको गुण सम्झदै ती गुण आफुमा पनि वृद्धि गरौं । वहाँ गुरुमाँ जहाँ पुगिराखेतापनि बुद्धसासन भेटेर बुद्धको शिक्षाधर्मलाई राम्रोसंग आचरण अभ्यास गरी चाँडै नै जन्म मरण हुनु नपर्ने निर्वाणमा पुग्न सकोस् भन्ने आशिका गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साधु ! साधु !! साधु !!!



# भिक्षु अश्वघोष एवं दो गुणवती गुरुमांको गुणानुस्मरण

– डा. अनोजा गुरुमां

श्रद्धेय भिक्षु अश्वघोष हामी माझ हुनुहुन्न तापनि उहाँले हामी बुद्ध मार्गीहरूलाई दिनुभएको देन अमूल्य छ। उहाँ एक स्मरण गर्न लायक महान् व्यक्तित्त्व हुनुहुन्थ्यो। उहाँले बुद्ध शासनमा धेरै उन्नती गरेर देखाउनु भएको थियो। उहाँले बौद्ध शिक्षाको प्रचारको लागि सयौं किताब तथा लेखहरू रचना गर्नु भएको थियो। उहाँ बुद्ध गुणहरूबाट ओतप्रोत र सुशोभित हुनुहुन्थ्यो। उहाँले महिला भिक्षुणीहरूलाई बौद्ध मार्गमा लाग्न हौसला, प्रेरणा र सहयोग गर्नुहुन्थ्यो। मेरो जीवनमा उहाँले धेरै सहयोग र प्रेरणा दिनु भएको छ। उहाँले मलाई किताब र लेखहरू लेख्न सिकाउनु भएको थियो। मेरो हरेक काममा उहाँले सहयोग र प्रेरणा दिनुहुन्थ्यो।

त्यसैगरी दो गुणवती गुरुमां दया, माया, करुणा, मैत्री तथा सेवा भावना जस्ता बुद्ध शिक्षाबाट सुशोभित हुनुहुन्थ्यो। उहाँले बुद्ध दर्शनलाई व्यवहारमा उतार्नु हुन्थ्यो, अरूलाई पनि यही गर्न सिकाउनु हुन्थ्यो र प्रेरणा दिनुहुन्थ्यो। आफ्नो सदाचारी र प्रेरणायुक्त स्वभावले गर्दा उहाँले आफ्ना संगत भिक्षु-भिक्षुणी तथा साधारण जनहरूलाई प्रभाव पार्नुहुन्थ्यो।

उहाँले विहारमा बस्दा बुद्ध अनुशासन पालना गर्न सिकाउनु हुन्थ्यो। खाना पकाउने, अरूलाई खुवाउने, कपडा धुने, सुकाउने, चर्पी सफा गर्ने, बगैंचा स्याहार गर्ने लगायत अत्यन्त महत्वपूर्ण र व्यवहारिक कार्यहरू गर्न सिकाउनु हुन्थ्यो। हामी उहाँको यो बानी र बाटोलाई अनुशरण गरेका हुन्थ्यौं।

उहाँले जेष्ठ नागरिकहरूलाई आदर गर्नुहुन्थ्यो। हामीलाई पनि त्यही सिकाउनु हुन्थ्यो। उहाँले हामीलाई सहने क्षमता पनि सिकाउनु भयो। आफूभन्दा सानाहरूलाई माया गर्न सिकाउनु भयो। उहाँ सानोको लागि दया, माया, करुणा र ममताकी खानी हुनुहुन्थ्यो। उहाँको माया, करुणा र सहयोगबाट मेरो जीवन सफल भएको छ। सबै बौद्ध मार्गी, भिक्षु-भिक्षुणीहरूलाई उहाँको यही बुद्धमार्गलाई आफ्नो जीवनमा उतारी बुद्ध धर्मको विकास र बिस्तारमा योगदान पुऱ्याउनु हुन विशेष निवेदन गर्दछु।

हाम्रो मित्र राष्ट्र बर्माको नागरिक भएर पनि नेपालमा आई आफ्नो जीवनको ३५ वर्ष नेपाली समाजमा बुद्ध शिक्षाको विकास र विस्तारमा ठूलो योगदान पुऱ्याउनु भएकी बुद्ध सुपुत्री दो गुणवती गुरुमां सदा स्मरण र अनुशरण गर्न योग्य, असल उदाहरणीय बुद्धमार्गी हुनुहुन्छ।

भिक्षु अश्वघोष र दो गुणवती गुरुमां यो संसार छोडेर गए पनि मेरो लागि र अरूको लागि पनि सदा स्मरण गर्न योग्य बुद्ध शिष्य भएर अमर रहिरहनु हुनेछ। ■

## शैक्षिक सहकार्यको सम्झौता

*२०७७ फागुण २५, गते*
*स्थान- लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी।*

"माष्टर्स इन बुद्धिज्म एण्ड सस्टेनेबल डेभलप्मेन्ट" विषयमा लुम्बिनी बौद्ध विश्वविद्यालय र सुलक्षणकीर्ति विहार, चोभार बिच शैक्षिक सहकार्यको सम्झौता भएको समाचार प्राप्त भएको छ। प्राप्त समाचार अनुसार विश्वविद्यालयको उपकूलपति प्रा.डा. हृदयरत्न वज्राचार्यबाट एक समारोह बिच सुलक्षणकीर्ति विहारका संरक्षक तथा संस्थापक अध्यक्ष भिक्षुणी डा. अनोजा गुरूमांलाई उक्त शैक्षिक सहकार्यको सम्झौता हस्तान्तरण गरिएको थियो। कार्यक्रममा लुम्बिनी बौद्ध विश्वविद्यालय अन्तरगत बौद्ध अध्ययन संकायका डीन डा. माणिकरत्न शाक्यबाट सम्झौता हुनुको पृष्ठभूमी बारे प्रकाश पार्नुभएको थियो भने रजिष्ट्रार डा. तिलक राम आचार्यले सम्झौता अनुसार शैक्षिक कार्यक्रम सफल रहोस् भनी शुभकामना दिनु भएको थियो। यसरी नै शैक्षिक सहकार्यको सम्झौता ग्रहण गर्दै सुलक्षणकीर्ति विहारका अध्यक्ष डा. अनोजा गुरूमांले सम्झौता वमोजिम विहारबाट शैक्षिक कार्यक्रम सफल रूपले संचालन गरिने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको थियो कार्यक्रमको समापन गर्दै लु.बौ.बि.का उपकुलपति प्रा.डा. हृदयरत्न वज्राचार्यले यो शैक्षिक सहकार्यको सम्झौता ऐतिहासिक भएको.ले दुबै पक्षबाट यसलाई सफल बनाउनु पर्ने विषयमा जोड दिनुभएको थियो। आगामी श्रावण महिनाको शैक्षिक सत्रबाट सुलक्षणकीर्ति विहार कीर्तिपूरमा उक्त शैक्षिक कार्यक्रमको शुभारम्भ हुने कुरा पनि समाचारमा उल्लेख गरिएको छ। ❀

# लुमनावल दो (मां) गुणवती गुरुमां



– तारा केशरी ढुंगाना
लाजिम्पाट

**गुरुमांया परिचय :**

जित:ला मां गुणवती गुरुमांया लुमन्ति न्हिं न्हिं धयाथें वयाच्वं । वसपोल गुरुमांनापं च्वनागु, खँल्हानागु झलझल लुमं । "गुणवती" नांयात ल्वय्क वसपोल गुणं जा:म्ह । न्ह्याबलें मुसुहुं न्हिला च्वनीगु ख्वा: वसपोलया । सरल स्वभावं नाईक खँ ल्हाना बिज्याईम्ह वसपोलनाप अपो हे मनूत आकर्षित जू ।

मां गुणवती गुरुमांया परिचय बी न्ह्यो धम्मवती गुरुमांया खँ न्ह्यथने हे मा: छाय्धा:सा मागुणवती गुरुमां धम्मवती गुरुमांया तसकं सत्तीम्ह पासा । किपालु थें धम्मवती गुरुमां नापनापं बिज्याइगु ख: वसपोल । वसपोल धम्मवती गुरुमां बर्माय् (म्यानमारय्) बुद्ध शिक्षा, धर्म अध्ययन याना बिज्या:बले निसेंया पासा जुयाच्वन दो गुणवती गुणमां । अध्ययन क्वचाय्का: लिहाँ बिज्या:बले धम्मवती गुरुमांनं दो गुणवती गुरुमांयात नापं ब्वनाबिज्यात नेपाले । धम्मवती गुरुमांया च्वसुइ नं च्वयाबिज्या:गु दु दो गुणवती गुरुमांयात "जो मदुम्ह पासा" धका: । दो गुणवती गुरुमां बर्मी नागरिक ख: । बि.सं. २०२० साले वसपोल नेपालय् बिज्या:गु ख: । वसपोल नेपालय् ३५ दँ दक च्वनाबिज्यात । वसपोलया मांभाय् बर्मी जुसां वसपोलं नेवा: भाय् नं सय्का: बाँलाक नेवा: भाषं खँ ल्हाना बिज्याई । वसपोलयात कविवर चित्तधर हृदयजुं नेवा: भाय् स्यना बिज्या:गु जुयाच्वन । उकें वसपोलं नेपाल भाषां हे लेखत च्वयाबिज्या:गु दु ।

**गुरुमांपिनाप म्हसीका :**

दो गुणगती गुरुमांयात जिं दकले न्हापां गण महाविहारे नापला:गु ख: । अबले जिपिं छ्पुच: गण महाविहार पुस्तकालय उद्घाटन याय्त मा:गु बस्दोबस्त याय्गु सिलसिलाय् व फोटो प्रदर्शन याय्गु लागि गुहाली यानाच्वनागु । सकलें थ:थ:गु ज्याय् ब्यस्त जुयाच्वन । उगुहे इलय् सुदर्शन भन्ते नं जिमित निम्ह गुरुमांपिनि न्ह्योने तया: वसपोलपिं निम्ह बर्मा बिज्या:पिं ख: । वसपोलपिनिगु नां दो गुणवती गुरुमां व धम्मवती गुरुमां धका: वसपोलपिनिगु परिचय बियाबिज्यात । थुकथं जिमिसं वसपोल गुरुमांपिं निम्हेसिगुं दर्शन जूगु ख: । अबले निसें गुरुमांपिं नापलाय्त बरोबर धर्मकीर्ति विहारे वनेगु बानी जुया: गुरुमांपिं नाप सम्पर्क बढे जुल ।

**बैंकक प्रस्थान :**

छुं समय लिपा जि व जिगु परिवार थाइलैण्डया राजधानी बैंकक वनेत तयारी जुल । जिमि श्रीमान्या Posting जुल ESCAP अफिसे । विदेशय् छुं वर्षया लागि वने दुगुलिं जिपिंला लय्ताइगु हे जुल । बैंकक वनेगु सिलसिलाय् बैंककया विषय छुं खँ सीकेत जि धर्मकीर्ति विहारे वना: धम्मवती गुरुमां नापला:वना । बैंककया महत्वपूर्ण थाय्, विहार आदि व अन च्वनाबिज्या:पिं भन्तेपिनिगु ठेगाना गुरुमांपिसं बियाबिज्यात । छुं दिन लिपा जिपिं फुक्क बैंकक वना ।

**धम्मवती गुरुमां बैंकक्य् वास: या:बिज्यात :**

धम्मवती गुरुमांया पत्थरया अपरेशन याय् मा:गुलिं वसपोल दो गुणवती गुरुमांनाप बैंकक बिज्यात । अपरेशन सफल हे जुल । थुगु अवधि दुने छुं दिन जिगु एपार्टमेन्टय् च्वना बिज्यात । ल्वय् बिस्तारं क्वलना वल । गुरुमांपिं छुं दिनया लागि बैंककं पिने गुरुमांपिं जक च्वनाबिज्याइगु विहार "शान्ति सुखावास" य् च्वना बिज्यात । एकदुई हप्ता अन च्वना: नेपा: लिहाँ बिज्यात ।

**म्यानमारय् सम्मान :**

धम्मवती गुरुमां व दो गुणवती गुरुमांयात म्यानमार सरकारपाखें सन् १९९५ स "अग्गमहा गन्थवाचक पण्डित" उपाधी बीगु खबर वल । उगु सम्मान काय्गु लागि निम्ह गुरुमांपिं बैंकक बिज्यात । उगु इलय् म्यानभारया VISA काय्त तसकं थाकुगु जुयाच्वन । थुगु इलय् बर्माय् शैनिक शासन जुयाच्वन ।


*(क्रमश: कभर पेजया ल्यूने ...)*



# अनन्त गुणमयी मां (दो) गुणवती गुरुमां

– कुसुम गुरुमां

मां (दो) गुणवती गुरुमां नेपाले बौद्ध समाजे सकलसिंया ममतामयी मां समानम्ह खः । गथे वसपोलयात गुणवती धका नामाकरण याना तःगु खः अथे हे गुणसम्पन्नम्ह "गुणवती" खः । वसपोल गुरूमां नं भीत सदांया लागि तोताथका बिज्जाये धुंकल । लुमना वइबले नुगः हियू । वसपोल वर्माय् हे दनिला धैथे नं च्वं । तथागतया वचन "अनिच्चावत संखारा" संस्कार दक्को अनित्य । थःम्हं धयाथें मदु । थ्व तथागतया वचनयात स्वीकार यानाः थःत थम्हं ह्येके हे माः ।



धम्मावती गुरूमांया वर्माय् अध्ययन क्वचायेका बिज्यात । नेपाले लिहां बिज्यानाः बुद्धधर्म प्रचार प्रसार यायेत, सल्लाह सहयोग याय् फुम्ह योग्यम्ह वर्मीपासा मागुणवती गुरूमांयात वि.सं. २०२० साले नाप्पं ब्वनाहया बिज्यात । मा गुणवती गुरूमां नं बुद्ध जन्मभूमि नेपाले धम्मवती गुरूमांयात बुद्धधर्म प्रचार प्रसार यायेगु ज्याय् साथबीगु, सहयोग, प्रेरणाबीगु लक्ष ज्वनाः दृढसंकल्प, अधिष्ठान यानाः हे नेपाः बिज्यागु जुल ।

मां गुणवती गुरुमां शील, समाधि, प्रज्ञा अले चतुब्रह्म विहारं सम्पन्नम्ह वसपोल न्हयाबलें न्हयू ख्वाः । यैपुस्य च्वंगु हलूंकागु वसपोलया शरीर । सायद वसपोलं अलसी धैगु मस्यू ज्वीमाः ।

न्ह्यावलें जाँगरिलो । न्हैपुसे च्वंगु समान ब्यवहार, मृदु वचन, बोधिचित्तं जाया च्वंम्ह वसपोल मा गुणवती गुरूमां पारमी सम्भार पूर्णयाना बिज्याना च्वंम्ह हे खः । वसपोलं तःसःगु वचनं धया बिज्यागु तक्क नं न्यने मनं । नेपाःया परंपरा रूढीबादी, भाषा, संस्कृति, अन्धविश्वास, नय्त्वनेगु आदि वर्मा बिज्याम्ह मा गुणवती गुरूमांयात अनुकूल जूगुला खहे मखु । तर पारमी सम्भार पुरेयाना बिज्याना च्वंम्ह वसपोलं सुखदुःख सहःयानाः नेपामि व नेपाली समाजनाप मिलेज्वीत थाकुमजुल । थःगु जन्मभूमि त्यागयानाः बुद्ध जन्मभूमि नेपाले बुद्धधर्म प्रचार यायेगुली तःधंगु सहयोग यायेत सफल जुया हे बिज्यात । थ्व वसपोलया अमूल्यगु पारमिता गुणधर्म खः ।


मां गुणवती गुरूमां नं उपासक उपासिकापिन्त ध्यानया विषय स्यना बिज्याई । अथे हे धम्मदेशना, परियत्ति शिक्षा, स्वादिष्ट खाना, भ्वंया स्वाँ दयेकेगु नापं शील, समाधि प्रज्ञाया बारे कना बिज्याई । मा गुणवती गुरूमां पाहुना सत्कार यायेगुलिइ तस्सकं लय्ताः वसपोल गन गन बिज्याई अन अन भःः भः धाः ।

धम्मवती गुरूमां नं गुलिनं राष्ट्रिय अन्तरराष्ट्रिय जगते थ्यंक बुद्ध धर्म प्रचार प्रसारयानाः नेपाःयागु इज्जत तया विज्याःगु खः उकिइ मा गुणवती गुरूमांया प्रत्यक्ष व अप्रत्यक्ष रूपं बियाच्वंगु प्रोत्साहन सल्लाह सहयोगं खः । वास्तवय् मां गुणवती गुरूमां प्रत्यक्ष रूपं न्ह्योने बिमज्यासां खनेमदयेक वसपोलया सल्लाह, सहयोग छचाखेलं फैले जुया च्वंगु दु ।

थुकथं नेपाले बुद्ध धर्म प्रचार प्रसार यायेगु भ्वलय् ३५ वर्ष तक्क नेपाले च्वनाः बुद्धशासनया जगयात मजबूतयानाः अमूल्य, अद्वितीय उपकारयानाः हाकनं वर्मा देशे हे लिहाँ बिज्यात । वसपोलं थःगु यौवन अवस्था जक मखु थःगु शरीरे बल शक्ति दत्तले नेपाया बुद्ध शासनयात समर्पण याना बिज्यात । अनन्त उपकारिम्ह, अनन्त गुणमयीम्ह मा(दो) गुणवती गुरूमां ९५ वैशय् म्यानमारे हे दिवंगत जुया बिज्यात ।

"रूपं जीरति मच्चानं – नामगोत्तं न जीरति" – रूपकाय जीर्ण जुया वंसानं नां गोत्र व थःम्हं यानागु कार्य गबले जीर्ण जुयावनि मखु धैगु भगवान बुद्धया आज्ञा अनुसारं छलपोलया अमूल्य देन, उपकार योगदान नेपालया बौद्ध इतिहासे सदां सदां जाज्वल्यमान जुयां च्वनी ।

# भिक्षु अश्वघोषको संक्षिप्त जीवनी एवं धर्मप्रचार यात्रा



– वीर्यवती गुरुमां

**"रुपं जीरति मच्चानं नाम गोत्त नजीरति"**

अर्थात् रूप (शरीर) जीर्ण भएर गएपनि आफूले गरेका असल कार्यहरूको कीर्ति जीर्ण हुँदैन ।

प्रायः सत्पुरुषहरूले यस संसारमा आफ्नो कीर्ति र योगदान छोडेर गएका हुन्छन् । उनीहरूको शरीर नाश भएर गएपनि ती कीर्तिहरू अजर, अमर भई जीवित भएर रहनेछन् । यसरी नै श्रद्धेय गुरु भिक्षु अश्वघोष महास्थविर आज हामी माझ हुनुहुन्न । उहाँ परलोक हुनुभएको दुईवर्ष भयो । तर उहाँले धर्म प्रचारार्थ गर्नुभएको योगदान र समाज सेवाका कीर्तिहरू अमर रहेकाछन् ।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविर ललितपुरस्थित ओकुबहाल निवासी माता लक्ष्मीमाया शाक्य एवं बुबा चन्द्रज्योति शाक्यको कान्छा सुपुत्रको रूपमा बि.सं. १९८३ जेठ ३१ गते शुक्लपक्ष त्रयोदशी सोमवारका दिन जन्मनुभयो । उहाँको गृहस्थ नाम थियो 'बुद्धरत्न शाक्य' । १६ वर्षको उमेरमा धर्म अध्ययनको सिलसिलामा उहाँलाई भिक्षु धर्मलोक र भिक्षु अमृतानन्दको जिम्मामा सुम्पिएको थियो । पछि बि.सं. २००१ साल पौष महिनामा कुशीनगरमा रहँदै आउनुभएका भिक्षु उ चन्द्रमणी महास्थविरको उपाध्यायत्वमा र भिक्षु अमृतानन्दको आचार्यत्वमा श्रामणेर अश्वघोषको रूपमा उहाँ प्रव्रजित हुनुभयो । उहाँ भिक्षु अमृतानन्द महास्थविरको पहिलो शिष्य हुनुहुन्थ्यो ।

प्रव्रज्यापछि उहाँ भारतिय भिक्षु धर्मरक्षितसंग पाली र हिन्दी भाषा सिकी केही महिनापछि दक्षिणी श्रीलंकाका महामहिन्द परिवेण (तालिम केन्द्र) मा अध्ययन गर्नुभयो । उक्त तालिम केन्द्रका प्रधान आचार्य धर्मकीर्ति श्री धम्मावास नायक महास्थविरको उपाध्यायत्वमा सन् १९४२ मे महिनाको १ तारिकका दिन उपसम्पदा हुनुभई उहाँ श्रामणेर अश्वघोषबाट भिक्षु अश्वघोष हुनुभयो ।

बि.सं. २००८ सालमा अग्रश्रावकहरू सारीपुत्र महास्थविर र मौद्गल्यायन महास्थविरको पवित्र अस्थिधातु नेपालमा दर्शनार्थ ल्याइने भएकोले अग्रश्रावक अस्थिधातु स्वागत समितिको तर्फबाट भिक्षु अश्वघोष र भिक्षु कुमार काश्यपलाई पनि नेपालमा निमन्त्रणा गरिएको कारण उहाँहरू दुवै सन् १९५१ अक्टोवरमा नेपाल फर्कनुभयो । अस्थिधातु नेपालमा रहुञ्जेल एकमहिना जति नेपालमा रहनुभई उहाँहरू दुवै फेरि श्रीलंका फर्कनुभयो । श्रीलंका फर्किएर केही महिनापछि भिक्षु अश्वघोष त्यहाँको स्कूल जीवन सम्पन्न गरी भारत जानुभयो । भारतस्थित सारनाथको "महाबोधी विद्यालय"को विद्यार्थी हुनुभई फेरि विद्यार्थी जीवनको शुरुआत गर्नुभयो । त्यही विद्यालयबाट उहाँले एस.एल.सी. परीक्षा पास गर्नुभयो । एस.एल.सी. तहको अध्ययन गरिरहनु भएकै अवस्थामा उहाँकी माता लक्ष्मीमाया बि.सं. २००९ साल फागुन ४ गते परलोक हुनुभएको समाचार सुन्नुपर्दा उहाँको मनमा ठूलो चोट पर्‍यो । अनि सारनाथको बनारसमा रहेर नै बि.ए.सम्म अध्ययन गर्नुभयो । तर त्यहीं अवस्थामा उहाँलाई टि.बि. रोगले सतायो । त्यसैले भिक्षु अश्वघोष चीनको बेइजिङ्गमा जानुभई औषधोपचार गर्नुपर्‍यो । चीनको पेकिङ्ग स्वास्थ्य निवासबाट रोग निवारण गरी उहाँ सन् १९६१ सालमा नेपाल फर्कनु भयो ।

त्यसपछि आनन्दकुटी विद्यापीठको प्रशासकीय पदमा रहनुभई दश वर्षसम्म सेवा कार्यमा लाग्नुभयो ।

आनन्दकुटी विहार गुठीबाट बि.सं. २०३० साल बैशाख महिना देखि प्रकाशन गरिएको 'आनन्दभूमी' बौद्ध मासिक पत्रिकाका सम्पादक र प्रधान सम्पाद समेत हुनुभई बीस वर्ष भन्दा बढी सेवा गर्नुभयो ।

यसरी नै बि.सं. २०२९ साल देखि बि.सं. २०७५ सालसम्म धर्मकीर्ति विहारबाट प्रकाशित धर्मकीर्ति पत्रिकाको सम्पादक एवं प्रधान सम्पादक रहनुभई धमीकीर्ति विहारको पत्रिका प्रकाशन कार्यमा निरन्तर रूपले सहयोग गर्नुभयो ।

बि.सं. २०२२ सालमा श्रद्धेय धम्मवती गुरुमां, दो गुणवती गुरुमां र रत्नमञ्जरी गुरुमांहरूबाट स्थापना गरिएको धर्मकीर्ति विहारमा बि.सं. २०२८ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना गरिएको थियो । युवा युवतीहरूलाई पनि बुद्ध शिक्षा सिकाउने उद्देश्यले स्थापित उक्त अध्ययन गोष्ठीमा श्रद्धेय भिक्षु अश्वघोषले धर्मानुशासकको भूमिका निभाउनु हुँदै बुद्ध शिक्षा सिक्ने इच्छा भएका कतिपय युवा-युवतीहरूलाई नैतिक शिक्षाले युक्त लेख, रचनाहरू लेख्ने, सभामा मन्तव्य व्यक्त गर्ने, गाउँघरमा गई धर्मप्रचार गर्ने आदि विभिन्न कार्यक्रममा संलग्न रहनुभई गोष्ठीका सदस्यहरूलाई ठूलो हौसला प्रदान गर्नुभयो । अध्ययन गोष्ठीको प्रत्येक शनिवार सञ्चालन हुने धार्मिक कक्षामा भिक्षु अश्वघोषले बढीभन्दा बढी कक्षा सञ्चालन गर्नुभई यस शनिवारिय कक्षा निरन्तर सञ्चालन गर्न योगदान पुऱ्याउनु भएको थियो ।

- बि.सं. २०२९ सालदेखि धर्मकीर्ति विहारबाट प्रकाशित धर्मकीर्ति पत्रिकाको सम्पादक र प्रधान सम्पादक रहनुभई धर्मकीर्ति विहारको पत्रिका प्रकाशन कार्यमा निरन्तर रूपले सहयोग गर्नुभयो ।
- धर्मकीर्ति विहार संरक्षण कोषका धर्मानुशासक रहनुभई धर्मकीर्ति विहारको धर्मप्रचार कार्यक्रममा अमूल्य योगदान पुऱ्याउनुभयो ।
- उहाँले बि.सं. २०३० साल असार महिनामा बनेपामा ध्यानकुटी विहार स्थापना गर्नुभई बनेपा निवासी उपासकोपासिकाहरूका लागि पनि धर्मप्रचार कार्यको थालनी गर्नुभयो ।
- बि.सं. २०३८ सालमा भिक्षु मैत्री सहित उपासक द्वारिकादास र उपासिका रत्नमाया शाक्य (धर्मरक्षिता गुरुमां) को सहयोगमा नेपालमा पहिलो संघाराम भिक्षु तालिम केन्द्र स्थापना गरी त्यसको संस्थापक बन्नुभयो । यस भिक्षु तालिम केन्द्रको तर्फबाट उहाँले धेरै संख्यामा शिष्यहरूलाई तालिम दिनुभएको छ । उहाँलाई नेपालमा सबभन्दा बढी तालिम प्राप्त शिष्यहरू भएको गुरु पनि भन्ने गरिन्छ । उहाँका शिष्यहरू धेरैजसो श्रीलंकामा अध्ययन गरेर फर्कनु भएका छन् । हालसम्म विभिन्न विहारमा रहनुभई धर्मप्रचार कार्यमा सक्रिय रहनुभएका उहाँका शिष्यभिक्षुहरू यसरी हुनुहुन्छ –

राहुल, भद्दिय, उपतिस्स, सद्धातिस्स, मंगल, विनीत, कोलित, सोभित, विशुद्धानन्द, कौण्डञ्य, त्रिरत्न, अशोक आदि ।

उहाँले बनेपास्थित ध्यानकुटी विहारमा मेत्ता सेन्टरको तर्फबाट बाल आश्रम स्थापना गरी उक्त बाल आश्रमको अभिभावकको रूपमा रहनु भई समाजसेवा गर्नुहुँदै पुण्य सञ्चय गर्नुभएको थियो ।

भिक्षु अश्वघोष श्रीघः विहारका सञ्चालक समितिको अध्यक्ष एवं प्रमुख रहनुभई श्रीघः विहारको संरक्षकको भूमिका समेत निभाउनु भई सहयोग पुऱ्याउनु भयो ।

धर्मप्रचार कार्यमा उहाँ कति पनि अलसी नमानी गाउँ-गाउँ डुली जनजातीहरू माझ बुद्ध शिक्षा प्रचार गरी समय समयमा बौद्ध जागरण शिविर सञ्चालनार्थ सहयोग पुऱ्याउनु भयो। फलस्वरुप गाउँका कतिपय जनजातीहरूले पनि बुद्ध शिक्षाको महत्व बुझ्ने मौका प्राप्त गर्नुभएका देखिन्छन् ।

नेपालमा बि.सं. २०४६ सालको जनआन्दोलन पश्चात् उहाँ राष्ट्रिय सभामा दुई वर्षको लागि माननिय सांसद रहनुभई धार्मिक समूहको प्रतिनिधित्व गर्नुभयो । यसरी नै एमालेको शासनमा लुम्बिनी विकास कोषको उपाध्यक्ष समेत रहनुभई सेवा पुऱ्याउनु भयो भने उहाँ धर्मोदय सभाको सम्मानित अध्यक्ष समेत रहनुभई धर्मप्रचार कार्यमा संलग्न रहनुभयो ।

भिक्षु अश्वघोषले सन् १९५६ देखि देश विदेशमा सम्पन्न भएका अन्तर्राष्ट्रिय सभा-सम्मेलनमा नेपालको प्रतिनिधित्व गर्नुभएको देखिन्छ । यही क्रममा उहाँले भ्रमण गर्नुभएका देशका नामावलीहरू यसरी रहेकाछन्– श्रीलंका, म्यानमार, चीन, थाइलैण्ड, जापान, मलेसिया, मंगोलिया, जर्मन, रुस, भुटान, इंगलैण्ड, क्यानाडा र अमेरिका आदि ।

बुद्ध शिक्षा प्रचार कार्यक्रममा उहाँले पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै नेपालका विभिन्न संघसंस्था लगायत विदेशले पनि उहाँलाई अभिनन्दन गरी सम्मान व्यक्त गरिएको विषयमा हामीले देखेका र सुन्न पाएका छौं । ती यसरी छन् –

- श्री ५ को सरकारले उहाँलाई "प्रबल गोरखा दक्षिण बाहु तृतीय श्रेणी २०५१" उपाधिले विभूषित गरिएको थियो ।

- यसरी नै बुद्ध धर्मप्रति उहाँको अथक योगदानलाई कदर गरी म्यानमार सरकारको धार्मिक मन्त्रालयले उहाँलाई सन् २००० मार्च १९ मा "अग्ग महा सद्धम्म जोतिक धज" उपाधिले विभूषित गरिएको थियो । स्मरणिय छ, नेपालबाट यस उपाधि हासिल गर्नुहुने व्यक्तिहरू मध्ये उहाँ चौथौं व्यक्तित्व हुनुहुन्छ ।

- धर्मप्रचार कार्यक्रमको सिलसिलामा साहित्यिक ढंगले विभूषित गरी बुझ्न कठिन शब्दहरू प्रयोग गरी विद्वता प्रदर्शन गर्ने बानी उहाँमा देखिंदैन । उहाँका रचनाहरूमा उल्लेखित शब्द एवं भाषाहरू एकदम सरल भई साधारण व्यक्तिहरूले पनि सजिलै बुझ्न सकिने भाषा प्रयोग भएको पाइन्छ । त्यतिमात्र होइन धर्मदेशना गर्ने सन्दर्भमा पनि उहाँले रोचक ढंगले धर्मदेशना गर्नुहुँदै सबैलाई हँसाई सरल भाषामा धर्मदेशना गर्ने बानी छ उहाँमा । कहिले काहिं त जोशिलो पाराले पनि बोल्ने गर्नुहुन्छ उहाँ । त्यसैले कसैले त उहाँ भन्तेलाई झोक्कि भन्ते समेत पनि भन्ने गर्छन् ।

- सिद्धान्तवादी होइन व्यवहारिक बन्नुपर्छ, आफूसंग आत्मालोचना गर्न सक्ने बानी हुनुपर्छ भनी समय समयमा शिक्षा दिनुहुने उहाँ भन्तेले धेरैजसो धर्मदेशना गर्नुहुँदा र लेख रचना लेख्ने क्रममा उहाँको आफ्नो कमजोरी बानी व्यवहारलाई प्रस्तुत गर्ने गर्नुहुन्छ । आफ्नो कमजोरी अरूले थाहा पाउला भनी ढाकछोप गर्ने बानी उहाँमा छैन ।

- निर्वाण प्राप्त गर्ने एउटै मात्र लक्ष्य राख्नुभन्दा आ-आफ्नो वर्तमान जीवनलाई गतिलो पार्नुपर्छ, मन शुद्ध पार्ने अभ्यास गर्नु अति महत्वपूर्ण छ, भन्दै धर्मदेशना गर्नुहुने भिक्षु अश्वघोषले परलोक भइसकेका व्यक्तिहरूका लागि निर्वाण कामना गर्नु भन्दा उनीहरूको पुण्य स्मृतिमा केही पुण्य कार्य गरिदिनु राम्रो हुनेछ भनी शिक्षा दिनुहुन्छ ।

- यसरी नै मानिस परलोक भइसकेपछि मात्र उसको अनेक गुणहरू खोज तलास गर्दै प्रशंसा गरिरहने हाम्रो चलनलाई भिक्षु अश्वघोषले आलोचना गर्नुहुन्थ्यो । मानिस परलोक भइसकेपछि होइन जीवित अवस्थामा नै उसको गुण देख्नसक्नु राम्रो भन्दै उहाँले समय समयमा सल्लाह दिने गर्नुहुन्थ्यो । यस ज्ञानलाई मनन गरी युवा बौद्ध समूहले उहाँ भन्तेको ६० औं प्रव्रजित जीवन र ७७ औं वर्षको जन्मोत्सव मानइएको कार्यक्रमलाई धेरैजसोले रुचाएको र प्रशंसा गरेको देखिन्छ ।

- बि.सं. २०६३ जेठ २ का दिन नेपालका चतुर्थ संघनायक भिक्षु सुबोधानन्द महास्थविरको निधन पश्चात् भिक्षुसंघले संघसमागम बीच सुमंगल विहारको समागृहमा संघकार्य गरी संघनायको प्रतिष्ठापन विधि पूर्वक २०६३ जेठ २४ गते संघ उपनायक भिक्षु बुद्धघोष महास्थविरलाई नेपालको पूज्यपाद संघनायकको रूपमा प्रतिस्थापन गरिएकै बेला भिक्षु अश्वघोष महास्थविरलाई संघ उपनायक पदमा पदस्थापन गरिएको थियो ।

यसरी नै बि.सं. २०६८ आश्विन १४ गते, शनिवारका दिन भिक्षु महासंघका सदस्यहरूले संघ सम्मति सहित एक धार्मिक विधि 'संघनायकोपतिट्ठापन' विधिपूर्वक उहाँलाई नेपालका छैठौं पूज्यपाद संघनायक भनी पदस्थापन गरिएको थियो ।

यसरी उहाँ ७ वर्ष भन्दा बढी अवधिसम्म भिक्षु महासंघको छैठौं संघनायकको रूपमा रही धर्म प्रचार कार्यमा सक्रिय रहनुभई पुण्य सञ्चय गर्नुभएको देखिन्छ ।

मानिस जन्मिएपछि मृत्यु अवश्यम्भावी छ । यो प्राकृतिक नियम हो । यस नियमलाई पालन गर्नुहुँदै भिक्षु अश्वघोष महास्थविर पनि ९३ वर्षको उमेरमा Grand International Hospital टोखामा उपचाररत क्रममा मिति २०७५ चैत्र २२ गते, शुक्रवार (5th April 2019) का दिन दिवंगत हुनुभयो ।

धर्मप्रचार कार्यमा उहाँको अमूल्य योगदानलाई कदर गर्दै २०७५ साल चैत्र २४ गते आइतवारका दिन उहाँको पार्थिव शरीरलाई कर्णदीप चिहानमा नेपाल सरकारले राजकीय सम्मानका साथ नेपाली सेनाको टुकडीले सलामी अर्पण गरी मिति २०७५ चैत्र २४ गते अन्त्येष्ठी गरिएको यियो ।

अखिल नेपाल भिक्षु महासंघ परम्परा अनुसार संघउपनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरले भिक्षु अश्वघोषको पार्थिव शरीरमा दागवत्ती दिनुभएपछि क्रमैसँग उहाँका शिष्यभिक्षुहरू, जीवन कालमा सम्वन्धित विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरू, उहाँका परिवारका सदस्यहरू लगायत अन्य उपासकोपासिकाहरूले पनि उहाँको सुगती एवं निर्वाण कामना गर्दै दागबत्ती चढाउनु भएका थिए ।

यसरी आफ्नो जीवनकालको कतिपय महत्वपूर्ण क्षणहरू बुद्ध शासन चिरस्थायी गर्ने कार्यमा अर्पण गर्नुहुँदै जीवन सार्थक पार्न सफल भिक्षु अश्वघोषको सुगति एवं निर्वाण कामना गर्दै हामीले पनि उहाँको आदर्शमय कार्यहरूको अनुशरण गर्न सकौं । ■

# अल्पकालिन प्रव्रज्या शिविर सम्पन्न

*२०७७ चैत्र (२२-२६ गतेसम्म) । स्थान- मायादेवी मन्दिर, लुम्बिनी*

भिक्षुणी धम्मवती गुरुमांको ८७ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारको आयोजनामा र भिक्षुणी केशावती गुरुमांको नेतृत्वमा अल्पकालिन प्रव्रज्या शिविर सम्पन्न भएको समाचार छ ।

प्राप्त समाचार अनुसार लुम्बिनीको मायादेवी मन्दिरमा सम्पन्न भएको यस कार्यक्रममा भिक्षु मैत्री महास्थविरबाट ५ जना कुलपुत्रहरूलाई दुर्लभ श्रामणेर प्रव्रज्या गर्नुभएको थियो । साथै उहाँले श्रामणेर, गुरुमां एवं ऋषिणीहरूलाई दशशील प्रार्थना गराउनु भएको थियो । सो पश्चात् उहाँले धर्मदेशना गर्नुभएको थियो ।


*अल्पकालिन प्रव्रजित व्यक्तिहरूसंग आयोजक परिवार, लुम्बिनी मायादेवी मन्दिर*

कार्यक्रममा प्रव्रजित भएका श्रामणेरहरूको गृहस्थ एवं प्रव्रजित नाम –

| क्र.सं. | गृहस्थ नाम | प्रव्रजित नाम |
|---|---|---|
| १) | पद्म ज्योती धाख्वा | श्रामणेर बुद्धघोष |
| २) | रूपेन्द्र शाक्य | श्रामणेर धम्मघोष |
| ३) | राष्ट्रपाल शाक्य | श्रामणेर संघघोष |
| ४) | निरेस महर्जन | श्रामणेर आनन्दघोष |
| ५) | रोनिस प्रजापति | श्रामणेर उत्तमघोष |

प्रव्रजित गुरुमांको गृहस्थ र प्रव्रजित नाम –

| | गृहस्थ नाम | प्रव्रजित नाम |
|---|---|---|
| १) | सीता महर्जन | सत्यवती गुरुमां |

यस कार्यक्रममा ऋषिणी प्रव्रजित हुने व्यक्तिहरू जम्मा १८ जना थिए ।

कार्यक्रममा धर्मदेशना गर्नुहुने भन्ते गुरुमांहरू –

१) भिक्षु मैत्री महास्थविर, लुम्बिनी २) भिक्षु रेवत बोधी, नागपूर ३) केशावती गुरुमां, धर्मकीर्ति विहार, काठमाडौं ४) खेमावती गुरुमां, धर्मकीर्ति विहार, काठमाडौं ५) खमेशी गुरुमां, गौतमी विहार, लुम्बिनी

यस प्रव्रज्या शिविरमा भोजन जलपान दान गरी पुण्य सञ्चय गर्नुहुने दाताहरू –

१) धम्मवती गुरुमां, धर्मकीर्ति विहार ।
२) वछलादेवी, दिनेस, दीपेन्द्र, योगेन्द्र दर्शनधारी परिवार, कीर्तिपूर ।
३) पुष्पराज मानन्धर, वसन्तपुर, काठमाडौं ।
४) विमला कंसाकार, एलीसा तुलाधर, डिल्लीबजार ।
५) चमेली, निकिता धाख्वाः, यल ।
६) सुरेन्द्र, संघरत्न, गौतम, सुलोचना, तीर्थदेवी, सृजना शाक्य परिवार ।

आफ्ना दिवंगत परिवारको पुण्यस्मृतिमा एवं परिवारको निरोगी कामना गरी भोजन जलपान दाता हुनुभएका सबैलाई धर्मकीर्ति परिवारले सुखी, निरोगी एवं दीर्घायु कामना गरिएको छ ।

**तीन दिन महापरित्राण पाठ** –

कार्यक्रममा धम्मवती गुरुमांको ८७ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य, निरोगी कामना गर्दै प्रव्रजित गुरुमांहरूको समूहबाट ३ दिनसम्म महापरित्राण पाठ गरिएको थियो । कार्यक्रम अवधिभित्र लुम्बिनीमा निर्मित विभिन्न देशका विहारहरू भ्रमण, कपिलवस्तु, निग्रोधाराम, रामग्राम, देवदह आदि तीर्थस्थानहरू भ्रमण गरिएको थियो । चैत्र २३ गते अष्टमीका दिन पूज्य दोगुणवती गुरुमांको दुईवर्षिय पुण्य तिथीमा, अश्वघोष भन्ते, रत्नमञ्जरी गुरुमां, संघवती गुरुमां, आदिको गुणानुस्मरण गरी मायादेवी मन्दिरमा दीप प्रज्वलन गरियो । यसरी नै धम्मवती गुरुमांको ८७ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति विहारको तर्फबाट र लुम्बिनी अल्पकालिन प्रव्रज्या समूह लगायत खमेशी गुरुमांको तर्फबाट पनि मायादेवी मन्दिर परिसरमा दीप प्रज्वलन गरियो । ❀

**लुमनावल दो (मां) गुणवती गुरुमां ... ...**

थुगु मौकाय् जि नं बर्मा वनेगु इच्छा जुल । उकीयात फुक्क तयारी याना । थुगु समूहले थाइलैण्ड वयाच्वंपिं मेमेपिं नेपालीत (अनुपमा गुरुमां, निम्हे थाई गुरुमांपिं, राजु शाक्य, रत्नदेवी शाक्य व जि स्वयं) म्यानमार ध्यन ।

**सम्मान समारोह :**

म्यानमारया घवाय् धयागु विशेष हलय् विशेषं बाँलाक छाय्पियात:गु । थुगु हलय् न्हापा छठ्ठ संगायना या:गु ख: । थुगु Award Ceremony स विभिन्न देशयापिं भन्तेपिं आमन्त्रित यानात:गु जुयाच्वन । थ:थ:गु नां व:लिसे सिरपा: का: बिज्यानाच्वन । झी गुरुमां पिनिगु नं नां वल । वसपोलपिन्सं नं उपाधी प्राप्त याना बिज्यात ।

दो गुणवती गुरुमां न्ह्याबलें ज्याय् व्यस्त । अल्छी धयागु भ्या: भचा हे मदु । नेपालं वयापिं जिपिं च्वनागु थासय् बरोबर बिज्याना: जिमित बिचा: या:बिज्याई वसपोलं । जिमित लासा, फांगा, मुलु व सुका तकनं वसपोलं हे प्रबन्ध याना बिज्यात ।

दो गुणवती गुरुमां जिपिं च्वनागु एपार्टमेन्ट्य बरोबर बिज्याना: ध्यान याय्गु तरीका स्यना बिज्या:गु आ:तकनं लुमं । उलिजक मखु वसपोलं खाना (नसा, त्वंसा) दय्क्यगु नं स्यनाबिज्याइगु । न्ह्याबलें नापलाइबले नं पाउँ बिया बिज्याईगु आ:तकनं लुमं ।

वसपोल दो गुणवती गुरुमां नाप च्वनेगु भाग्य जित: चूलात । जित: गुरुमां पाखें यक्को उत्तमगु ज्ञान लाभ जूगु दु । वसपोल बर्मा नेपा: बिज्याइबले जि गुरुमां दर्शन या:वय्गु धर्मकीर्ति विहारे । छ:पिं गुरुमां जिगु जीवनय् बरदान ख: । थौं छ:पिनिगु फोटो जक स्वया:सां वन्दना यानाच्वना । थ्व संसारं बिज्या:गु निदं दय् धुंकल । छ:पिं न्ह्याथाय् बिज्या:सां छ:पिन्त सुगति व निर्वाण लाभ ज्वीमा धका: कामना यानाच्वना । अस्तु ! वन्दना ! भवतु सब्ब मङ्लम् ।

# पाँचजना वज्राचार्य महिलाहरूको अल्पकालिन प्रव्रज्या

*२०७७ चैत्र १४ गते, शनिवार*

*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन पाँचजना वज्राचार्य महिलाहरूलाई अल्पकालीन प्रव्रज्या गरिएको थियो । धर्मकीर्ति विहार धम्महलमा भिक्षुणी धम्मवतीको उपाध्यायत्वमा सम्पन्न गरिएको उक्त प्रव्रज्या समारोहमा प्रव्रजित हुनुभएका पाँचजना कुलपुत्रीहरूको नामावली यसरी रहका छन् –

| *क्र.सं.* | *गृहस्थ नाम* | *प्रव्रजित नाम* |
|---|---|---|
| १ | नीता वज्राचार्य | दान पारमी |
| २ | जेनिया वज्राचार्य | शील पारमी |
| ३ | रबिता वज्राचार्य | क्षान्ती पारमी |
| ४ | रूपा वज्राचार्य | वीर्य पारमी |
| ५ | सरला वज्राचार्य | ध्यान पारमी |

केश काटिसकेपछि उहाँहरूलाई भिक्षुणी धम्मवतीले पञ्चशील एवं दशशील प्रार्थना गराउनु भई गुरुमां प्रव्रज्या गर्नुभएको थियो ।

प्रव्रज्या पछि धम्मवती गुरुमां सहित धर्मकीर्ति विहारका आवासिय गुरुमांहरूको समूहबाट परित्राण पाठ गरिएको थियो ।

त्यसपछि उहाँहरूको समूह लुम्बिनीस्थित वज्रयान विहारमा जानुभई ध्यान गर्नु भएको कुरा बुझिएको छ । सो पश्चात् चैत्र १९ गते उहाँहरूलाई धम्मवती गुरुमांले पञ्चशील प्रार्थना गराउनुभई प्रव्रजित गुरुमांको वस्त्र त्याग गराउनु भएको थियो ।



*परित्राण पाठ श्रवण गर्दै दुर्लभ प्रव्रजित गुरुमांहरू*